निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

## सामाजिक शिक्षकहरुका लागि

# निर्वाचन शिक्षा श्रोत पुस्तिका




**निर्वाचन आयोग, नेपाल**
**निर्वाचन शिक्षा तथा सूचना केन्द्र**
**२०७२**

'निर्वाचन शिक्षा तथा सूचनाको विस्तार
स्वतन्त्र र निष्पक्ष निर्वाचनको पूर्वाधार'

## सामाजिक शिक्षकका लागि

# निर्वाचन शिक्षा स्रोत पुस्तिका

**निर्वाचन आयोग, नेपाल**

**निर्वाचन शिक्षा तथा सूचना केन्द्र**

**२०७२**

# विषय सूची


सत्र : १ लोकतन्त्र र संविधान ........ १

सत्र : २ निर्वाचन र निर्वाचनका सन्दर्भमा नागरिकको कर्तव्य र अधिकार ........ ८

सत्र : ३ निर्वाचन प्रणाली ........ १३

सत्र : ४ निर्वाचन चक्र/प्रक्रिया ........ २६

सत्र : ५ निर्वाचन व्यवस्थापन गर्ने निकाय तथा सम्वद्ध कानूनहरू ........ ४१

सत्र : ६ निर्वाचनका सरोकारवालाहरू र निर्वाचन प्रक्रियामा शिक्षकको भूमिका ........ ४९

सत्र : ७ निर्वाचन शिषा तथा सूचना केनद्रको भ्रमण ........ ५३


# अनुसूची


अनुसूची १ : नेपालमा हालसम्म सम्पन्न भएका निर्वाचनहरू ........ ५८

अनुसूची २ : मतदान केन्द्र तथा मतदान स्थल ........ ५९

अनुसूची ३ : संविधानसभा सदस्य निर्वाचन, २०६४ को झलक ........ ६०

अनुसूची ४ : संविधानसभा सदस्य निर्वाचन, २०७० को झलक ........ ६१

# सत्र : एक
# लोकतन्त्र र संविधान

## १.१ लोकतन्त्र (Democracy) भनेको के हो ?

लोकतन्त्र देशको शासन व्यवस्थामा जनता आफै वा आफ्नो प्रतिनिधि मार्फत् सहभागी हुने र निर्णय गर्न पाउने अधिकार सहितको शासन व्यवस्था हो । लोकतन्त्रमा जनताले लेख्ने, बोल्ने, छाप्ने, सभा संगठन गर्न पाउने, पार्टी खोल्ने र त्यसमा सहभागी हुन पाउने, प्रतिनिधि चयन गर्न र सरकार बनाउन पाउने जस्ता नागरिक तथा राजनीतिक अधिकार हुन्छन् । जनतालाई यति धेरै अधिकार प्राप्त हुने भएकोले सबैले लोकतन्त्रलाई राम्रो शासन प्रणाली मान्दछन् । त्यसैले नेपालमा पनि नेपाली जनताले आफ्नो लोकतान्त्रिक अधिकारलाई सुनिश्चित गर्न आन्दोलन मार्फत आफ्नो अभिमत प्रकट गर्दै लोकतन्त्रको संस्थागत बिकास र सम्बर्द्धनमा प्रत्यक्ष भूमिका खेल्दै आएका छन् ।

*लोकतन्त्र अंग्रेजी शब्द Democracy को नेपाली रूपान्तरण हो । Democracy ग्रीक शब्द Demos अर्थात् "People" (जनता) र Kratia अर्थात् "Rule" (शासन) मिली बनेको छ । यसलाई जनताको शक्ति (People Power) भनेर पनि बुझ्न सकिन्छ ।*

अर्को शब्दमा, लोकतन्त्र जनताद्वारा जनताकै निमित्त जनताले शासन गर्ने व्यवस्था हो । लोकतन्त्र मानव स्वतन्त्रताको संरक्षण गर्ने सिद्धान्त पनि हो र यसले स्वतन्त्रतालाई संस्थागत गर्न सहयोग गर्दछ । लोकतन्त्रमा बहुमतको सम्मान गर्दै अल्पसंख्यकहरूको मौलिक अधिकारको संरक्षण समेत हुन्छ ।

*महात्मा गान्धीको शब्दमा लोकतान्त्रिक समाज सहमति, सहिष्णुता र सम्झौताका मुल्यमा प्रतिबद्ध हुन्छ । असहिष्णुता नै हिंसा र वास्तविक लोकतान्त्रिक भावनाको विकासका लागि बाधाको एक स्वरूप हो ।*

लोकतन्त्र बहुलतामा आधारित एवम् विविधतायुक्त हुन्छ। वाक् तथा धर्मसम्बन्धी स्वतन्त्रता, कानुनबमोजिम समान संरक्षणको अधिकार, नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार आदिलाई लोकतन्त्रले आत्मसात गरेको हुन्छ । लोकतन्त्रले सरकारलाई सीमित सरकारको अवधारणा अनुसार कानुनी शासनको उजागर गर्दछ ।

लोकतन्त्रले आवधिक रूपमा स्वतन्त्र तथा निष्पक्ष निर्वाचनको माध्यमबाट सबै नागरिकलाई शासन व्यवस्थामा सहभागी हुने मौका प्रदान गर्दछ । सबै जनता एकै पटक सरकारमा सहभागी भई शासन आफै चलाउन संभव हुँदैन । त्यसैले जनताले निर्वाचन (चुनाव) को माध्यमबाट आफ्ना प्रतिनिधिहरू छनौट गरी लोकतान्त्रिक सरकार स्थापित गरी मुलुकको शासन सञ्चालनमा सहभागी हुन्छन् । लोकतन्त्रमा विभिन्न राजनीतिक दल तथा उम्मेदवारबीच स्वच्छ र स्वतन्त्र प्रतिस्पर्धा हुन्छ साथै जनताको फरक/फरक अभिमत र

फरक/फरक राजनीतिक दलको छनौट र संगठन (Freedom of voice, choice and association) को सुनिश्चितता पनि हुन्छ ।

लोकतन्त्रमा केही सिद्धान्तहरु अपरिहार्य मानिन्छन् । सबै जनता समान हुन्छन् र उनीहरुलाई स्वतन्त्रताको अधिकार सुनिश्चित हुनुपर्छ । सरकारलाई जनताप्रति उत्तरदायी बनाउन समय समयमा निर्वाचन हुनु अनिवार्य छ । किनभने सरकारले जनताको ईच्छा र चाहनाबमोजिम काम गरी उनीहरुको चित्त बुझाउनु पर्छ । चित्त नबुझाउने जनप्रतिनिधिहरुलाई अर्को निर्वाचनमा जनताले हराउन सक्दछन् र त्यसको सट्टा अर्को प्रतिनिधि पठाउन सक्छन् ।

## २.२ लोकतन्त्रका किसिम

(क) प्रत्यक्ष लोकतन्त्र (Referendum)

(ख) अप्रत्यक्ष लोकतन्त्र

**(क) प्रत्यक्ष लोकतन्त्र** :

प्रत्यक्ष लोकतन्त्र शासनको त्यस्तो स्वरूप हो जहाँ प्रतिनिधि मार्फत् निर्णय गराउनुभन्दा पनि जनताले आफ्ना लागि वा आफ्ना चासोका विषयमा आफैं निर्णय गर्दछन् । प्रत्यक्ष लोकतन्त्रलाई अर्को शब्दमा स्वच्छ लोकतन्त्र वा वास्तविक लोकतन्त्र भनिन्छ । कहिलेकाहिँ राष्ट्रिय महत्वका मुद्दा (विषय) मा छिनोफानो गर्नका लागि जनमत सङ्ग्रह पनि गर्ने गरिन्छ तर यसको प्रयोग सँधै गरिँदैन । उदाहरणका लागि २०३७ सालमा नेपालमा बहुदलीय व्यवस्था कि निर्दलीय व्यवस्थाको माध्यमबाट शासन गर्ने भन्ने विषयमा जनमत सङ्ग्रह गरिएको थियो ।



प्रत्यक्ष लोकतन्त्रका केही फाइदा तथा वेफाइदाहरु निम्नानुसार छन् :-

**फाइदाहरू** :

- सबै खाले जनमत प्रत्यक्ष रुपमा उजागर हुन्छन् ।
- जनतामा अधिकार निहित गर्दछ र निर्णयमा व्यक्तिलाई जिम्मेवार तुल्याउँछ ।
- शक्ति सन्तुलनलाई कायम गर्दछ ।
- समुदायलाई शासन व्यवस्थामा सहभागी हुन प्रेरित गर्छ ।
- अझ राम्रा कानुन बनाउनका लागि सहयोग गर्दछ ।
- राजतनीतिकर्मीहरूलाई जनताका इच्छा र चाहनाको कदर गर्दै सो अनुरूप काम गर्नुपर्ने वाध्यता सिर्जना गर्दछ ।

**बेफाइदाहरू** :

- बढी खर्चिलो हुन्छ ।
- हरेक मुद्दामा जनमत सङग्रह गर्नुपर्ने माग उठ्दै जान सक्छ ।
- केही व्यक्तिहरुले अन्य व्यक्तिभन्दा राजनीतिक रूपमा बढी क्रियाशील भई प्रभाव पार्न सक्छन् ।

**(ख) अप्रत्यक्ष लोकतन्त्र** :

साधारणतया सबै जनता सरकारमा सहभागी भई शासन आफै चलाउन संभव हुँदैन । यस्तो अवस्थामा जनताले चुनावको माध्यमबाट आफ्ना प्रतिनिधि छनौट गरी शासन व्यवस्थामा सहभागिता जनाउँछन् । अप्रत्यक्ष लोकतन्त्रलाई प्रतिनिधिमूलक लोकतन्त्र (Representative Democracy) पनि भनिन्छ ।

अप्रत्यक्ष लोकतन्त्र अन्तर्गत निर्वाचित भएका जनप्रतिनिधिहरूलाई सामान्यतया स्वतन्त्र रूपमा निर्णय गर्न पाउने अधिकार हुन्छ । उनीहरूले गरेको निर्णयप्रति जनतालाई चित्त नबुझेको अवस्थामा जनताले अर्को निर्वाचनबाट उनीहरूलाई हटाउन सक्छन् । प्रत्याह्वान (Recall) को व्यवस्था गरिएकोमा भने बिचमा पचि त्यस्ता प्रतिनिधिहरुलाई फिर्ता बोलाउन सकिन्छ ।

अप्रत्यक्ष लोकतन्त्रको उदाहरण भनेको विधायिका/संसद हो । संसदीय व्यवस्थामा विधायिकाबाट सरकार निर्माण हुन्छ । संसदबाट भएका निर्णयहरूमा सांसदहरू मार्फत् जनताको प्रतिनिधित्व भएको मानिन्छ । ती जनप्रतिनिधिले सबै जनताको तर्फबाट निर्णय गर्ने मान्यता राखिएको हुन्छ ।

हाल विश्वका धेरै राष्ट्रहरूले अप्रत्यक्ष लोकतन्त्रलाई नै अंगालेको पाइन्छ । नेपालका प्रतिनिधिसभा, व्यवस्थापिका संसद, संविधानसभा तथा संयुक्त राज्य अमेरिकाको सिनेटलाई यस्तो लोकतन्त्रको उदाहरणको रूपमा लिन सकिन्छ ।

**फाइदाहरू** :

- कम खर्चिलो हुन्छ ।
- मतदाताहरु र जनप्रतिनिधिहरुवीच सीधा सम्पर्क भई आ-आफ्नो कुराको सुनुवाई गर्ने अवसर प्राप्त हुन्छ ।
- जनप्रतिनिधिले निर्वाचनको समयमा मतदाताहरुसँग गरेको वाचाको आधारमा निर्णय लिन्छन् ।
- प्रतिनिधि सहितको संसदीय सरकारको निर्माण हुन्छ ।

**बेफाइदाहरू** :

- जन प्रतिनिधिहरु व्यक्तिगत र दलगत स्वार्थमा फस्न सक्दछन् ।
- जनप्रतिनिधिहरुले जनताको ईच्छा अनुसार काम नगरेमा पनि जनताबाट उनीहरुलाई नियन्त्रण गर्न कठिन हुन्छ ।

## २.३ लोकतन्त्रका आधारभूत विशेषताहरू

लोकतन्त्र जनतामा आधारित शासन प्रणाली हो । जनताको इच्छाको सर्वोपरिता लोकतन्त्रको मूलभूत विशेषता हो । लोकतन्त्रको प्रयोग देश अनुसार फरक फरक हुन सक्छ । मूलभूत रूपमा लोकतन्त्रका आधारभूत विशेषताहरु देहायबमोजिम उल्लेख गर्न सकिन्छ :-

क) स्वतन्त्र एवम् निष्पक्ष आवधिक निर्वाचन,
ख) शान्तिपूर्ण तरिकाबाट लोकतान्त्रिक सरकारको निर्माण तथा परिवर्तन,
ग) आधारभूत मानव अधिकारको संरक्षण र सम्बर्द्धन,
घ) शक्ति पृथकीकरण र सन्तुलनको समूचित व्यवस्था
ङ) बालिग मताधिकार,
च) कानुनी शासन,
छ) सूचनाको अधिकार,
ज) दलीय पद्धति/बहुदलीयता

## २.४ संविधान भनेको के हो ?

संविधान देशको मूल कानुन हो । संविधानलाई Fundamental law of the land, supreme law of the land तथा Source of validity for legal system पनि भनिन्छ । संविधान राज्य सञ्चालन सम्बन्धमा नागरिकका चाहना र आकांक्षाहरु व्यक्त भएको राजनीतिक एवं कानुनी लिखत हो । यसमा सरकारको स्वरूप, अधिकार एवं काम कर्तव्यलाई निर्धारण गरिएको हुन्छ । संविधानले सरकारी शक्तिलाई सीमाङ्कन प्रदान गरी वैधता प्रदान गर्दछ । सरकारका अङ्गहरूबीच शक्तिको बाँडफाँड गर्ने कानुनी दस्तावेज पनि संविधान नै हो ।

संविधान र संविधानबाद प्रायः एकैसाथ जोडिएर आउने विषय भएता पनि संविधान र संविधानबादमा केही मौलिक भिन्नता छ। मुलुकमा संविधान भए पनि संविधानको मर्म, मूल्य र मान्यतालाई आत्मसात गरिएको पाइँदैन भने त्यहाँ संविधानबाद स्वीकार गरेको मानिँदैन । तसर्थ, संविधानबादको लागि कानुनी सर्वोच्चता, लिखित संविधान, विधिको शासन, स्वतन्त्र न्यायपालिका, शक्तिपृथकीकरण, शक्ति सन्तुलन र नियन्त्रण, निर्वाचित सरकार, आवधिक निर्वाचन, सामाजिक सद्भाव, अल्पसङख्यक र सीमान्तकृत वर्गको संरक्षण, समावेशी राज्य व्यबस्था र संविधान संसोधन गर्ने निश्चित मापदण्ड तथा आधारहरुको व्यवस्था गरिएको हुनुपर्दछ ।

मुलुकको क्षेत्रफल, प्रकृति, भौगोलिक वनावट, जनसङख्या, संस्कृति आदिका आधारमा संविधानले मुलुकको स्वरूपलाई निर्धारण गर्दछ । संविधानले नै राज्यको शासन स्वरुपलाई निर्धारण गरेको हुन्छ । सरकार तथा नागरिकको अधिकार र कर्तव्यलाई पनि संविधानले नै सुनिश्चित गर्दछ । संविधानलाई विभिन्न प्रकारमा विभाजन गरिएको पाईन्छ ।

(क) निर्मित एवं विकसित

(ख) लिखित तथा अलिखित संविधान




विश्वका धेरै मुलुकमा लिखित संविधान छन् । लिखित संविधान नभएको लोकतान्त्रिक मुलुक बेलायत हो । नेपालमा लिखित संविधान रहेको छ । विश्वमा पहिलो लिखित संविधान भएको देश संयुक्त राज्य अमेरिका हो । देशमा अमनचयन कायम गर्न, देश र जनताको आवश्यकता पूरा गर्न एवम् राष्ट्रलाई सही दिशा निर्देश गर्न संविधान आवश्यक हुन्छ भने संविधानको पालना गर्नु सबै नागरिकको कर्तव्य हुन्छ । नागरिक सचेतनामा आएको परिवर्तनले संविधानमा पनि समुचित परिवर्तन तथा नयाँ संविधानको आवश्यकता हुने वातावरण सिर्जना भएको हुन्छ । संविधान निर्माण गर्ने तथा त्यसलाई वैधानिकता दिने प्रक्रियामा विश्वमा एकै प्रकारका विधि तथा पद्दतिहरु अपनाइदैनन् । संविधान निर्माणका प्रक्रियाहरुमा मूलत संवैधानिक सम्मेलन, संवैधानिक सभा, राजनीतिक सम्मेलन, जनमत सङग्रह तथा संविधान सुधार सुझाव आयोग गठन जस्ता तरिकाहरु प्रचलनमा रहेका छन् । समिति वा आयोग मार्फत गरिने संविधान निर्माणको तरिकामा नागरिकको सहभागिता हुँदैन त्यसकारण संविधान निर्माणका विभिन्न विधिहरु मध्ये संविधान सभा एक लोकतान्त्रिक विधि हो । संविधान सभा मार्फत निर्माण गरिने संविधानमा नागरिकको सहभागिता हुने

र संविधानमा नागरिकको अपनत्व समेत हुने भएकोले सहभागितात्मक संविधान निर्माण गर्ने विधिलाई लोकतान्त्रिक विधि मानिएको छ , यस्तो प्रक्रियाबाट निर्माण भएको संविधान दिर्घकालीन हुन्छ ।




नेपालमा वि.सं. २००४ सालमा वैधानिक कानुनको घोषणा भएबाट संविधान निर्माण प्रक्रियाको सुरूवात भएको मानिन्छ । त्यसपछि नेपालको अन्तरिम शासन विधान २००७, नेपाल अधिराज्यको संविधान २०१५, नेपालको संविधान २०१९, नेपाल अधिराज्यको संविधान २०४७, नेपालको अन्तरिम संविधान, २०६३ र २०७२ साल असोज ३ गते जारी भएको नेपालको संविधान सहित अहिलेसम्म ७ वटा संविधान कार्यान्वयनमा आईसकेका छन् ।

नेपालको संविधानले नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राखी जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात् गरेको छ ।

राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ । जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, लगायतका लोकतान्त्रिक मूल्य र मान्यताका आधारमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा समृद्ध राष्ट्र निर्माण गर्ने प्रतिबद्धता संविधानले गरेको छ ।

नेपालको सार्वभौमसत्ता एवम् राजकीयसत्ता नेपाली जनतामा निहित हुने व्यवस्था गरेको छ । यसले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको घोषण गरी प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन व्यवस्था, स्वतन्त्र न्यायपालिका, एक सदनात्मक व्यवस्था संविधानको भाग-२४ अन्तरगत धारा २४५ मा निर्वाचन आयोगको गठन, २४६ मा काम, कर्तव्य, अधिकार र धारा २४७ मा निर्वाचन आयोगलाई आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले उपलब्ध गराउनु पर्ने व्यवस्था गरेको छ ।

**नेपालको संविधानको मुलभूत विशेषताहरू :**

- *देशको मूल कानुन*
- *संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था,*
- *संघ, प्रदेश र स्थानीय स्तरको गरी तीन तहको व्यवस्था,*
- *शासन सञ्चालनको मार्गदर्शन,*
- *सीमित सरकारको अवधारणा,*
- *राज्यका अङ्गहरूको शक्ति सन्तुलन र पृथकीकरण,*
- *मानव अधिकार तथा मौलिक हकको प्रत्याभूति, बालिग मताधिकार*
- *सरकार र नागरिकबीचको सम्बन्ध,*
- *कानुनी राज्यको अवधारणा,*
- *समावेशी सिद्धान्तमा आधारित,*
- *संघ, प्रदेश र स्थानीय स्तरको कार्यक्षेत्र स्पष्ट तोकिएको,*

# सत्र : दुई

# निर्वाचन र निर्वाचनका सन्दर्भमा नागरिकको कर्तव्य र अधिकार

## २.१ निर्वाचन भनेको के हो ?

*निर्वाचन भनेको मतदाताले आफ्नो मताधिकार प्रयोग गरी प्रतिनिधि छान्ने तथा निर्णय प्रक्रियामा सहभागी हुने एक वैधानिक प्रक्रिया हो । कुनैपनि देशको भावी नीति, योजना, कार्यक्रमसम्बन्धी निर्णयको लागि शासकीय प्रणालीको केन्द्रदेखि स्थानीय स्तरसम्म प्रतिनिधि चयन गर्ने सबैभन्दा महत्वपूर्ण विधि नै निर्वाचन हो ।*




निर्वाचन भनेको दुई वा दुईभन्दा बढी राजनीतिक दल वा उम्मेदवारबीचको प्रतिस्पर्धामा जनताको रोजाईको आधारमा प्रतिनिधि चयन गरिने प्रक्रिया हो । त्यस्तै राष्ट्रिय स्तरमा बेलाबखत उत्पन्न हुने समसामयिक सवाल वा मुद्दाको छिनोफानो गर्नका लागि जनताको प्रत्यक्ष अभिमतद्वारा निर्णयमा पुग्ने प्रक्रिया पनि निर्वाचन नै हो । यसलाई जनमत सङग्रह (Referendum) पनि भनिन्छ । लोकतन्त्रमा निर्वाचन सामान्यतया: कानुनले तोकेबमोजिम आवधिक रूपमा (समय–समयमा) सम्पन्न गरिन्छ ।

## २.२ स्वतन्त्र र निष्पक्ष निर्वाचन भनेको के हो ?

स्वतन्त्र र निष्पक्ष निर्वाचन लोकतन्त्रको मुटु हो । कुनैपनि निर्वाचनबाट जनईच्छाको सही प्रतिनिधित्व गराउने हो भने निर्वाचन स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विश्वसनीय हुनु आवश्यक छ । निर्वाचन स्वतन्त्र र निष्पक्ष हुन मतदाताले कुनै धम्की, डर, त्रास तथा प्रलोभनमा नपरी निर्भिक भएर मतदान गर्न पाउनु पर्दछ । निर्वाचन स्वतन्त्र हुन निर्वाचनका सरोकारवालाहरुले आ-आफ्नो जिम्मेवारी निष्पक्ष रुपमा निर्वाह गर्नुपर्दछ । त्यसैगरी निर्वाचन निष्पक्ष गराउनको लागि विशेष गरी निर्वाचन संचालन गर्ने निकाय, पदाधिकारी तथा सरकारको तर्फबाट सबै दल, उम्मेदवार, राजनीतिक कार्यकर्ता तथा अन्य निर्वाचनका सरोकारवालाहरुसँग गरिने व्यवहार निष्पक्ष एवंम पूर्वाग्रहरहित हुनुपर्दछ । मतदान र मतगणना सुरक्षित र निष्पक्ष ढङ्गबाट हुनुपर्दछ । जनताले वास्तवमा पत्याएको व्यक्ति र दललाई निर्वाध रुपमा छनौट गर्न पाउनु नै स्वच्छ, स्वतन्त्र र निष्पक्ष निर्वाचनको मर्म हो ।

**स्वतन्त्र र निष्पक्ष निर्वाचनका आधारहरुलाई देहाय बमोजिम उल्लेख गर्न सकिन्छ ।**

(क) निर्वाचनसम्बन्धी कानुन सबै दल, उम्मेदवार तथा मतदातालाई समान तथा न्यायोचित हुनुपर्छ ।

(ख) सबै योग्य नागरिकलाई मतदाता नामावलीमा नाम दर्ता गर्ने अवसर दिइनुपर्छ ।

(ग) सबै राजनीतिक दल तथा उम्मेदवारले निर्भिक र सुरक्षित भई प्रचारप्रसार गर्न पाउनुपर्छ ।

(घ) सबै राजनीतिक दल तथा उम्मेदवारले सञ्चार माध्यमबाट प्रचार गर्ने समान अवसर पाउनुपर्छ ।

(ङ) सरकारको भूमिका तटस्थ रहेको हुनुपर्छ साथै राज्यको स्रोत र साधनको दुरुपयोग नगरी सही प्रयोजनमा मात्र प्रयोग गर्नुपर्छ ।

(च) सबै मतदाताले स्वतन्त्र र सुरक्षित रूपमा मतदान केन्द्र जान र गोप्य मतदान गर्न पाउनु पर्छ ।

(छ) मतदातालाई सबै निर्वाचन प्रणाली, निर्वाचन प्रक्रिया, राजनीतिक तथा उम्मेदवारबारे आवश्यक जानकारी दिनुपर्छ । मतदाताहरुलाई मतदान गर्ने तरिकाबारे जानकारी हुनुपर्छ ।

(ज) मतदान बाहेक अन्य सबै निर्वाचन प्रक्रिया पारदर्शी हुनुपर्छ ।

(झ) स्थानीय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षण टोलीलाई मतदान तथा मतगणना प्रक्रियाको पर्यवेक्षण गर्ने अवसर दिनुपर्छ ।

## २.३ लोकतन्त्रमा निर्वाचन किन ?

*आवधिक निर्वाचन लोकतन्त्रको मेरुदण्ड हो । स्वच्छ, स्वतन्त्र र निष्पक्ष निर्वाचनले राष्ट्रिय समस्याहरुको निरुपण गर्न सहयोग पुऱ्याउँछ । यसका अतिरिक्त देहायका बुँदाहरुबाट लोकतन्त्रमा निर्वाचन किन आवश्यक छ भन्ने कुरा प्रष्ट हुन्छ :-*

*क) सार्वभौम सत्ता सम्पन्न जनताले आफूमा निहित रहेको सार्वभौम सत्ताको अभ्यास गर्न ।*

*ख) निर्वाचनको माध्यमबाट सरकारलाई जनताप्रति जवाफदेही बनाउन ।*

*ग) आवधिक निर्वाचनको माध्यमबाट लोकतन्त्रको सम्बर्द्धन र विकास गर्न ।*

*घ) स्वतन्त्र र निष्पक्ष निर्वाचनको माध्यमबाट शान्तिपूर्ण तरिकाले सरकार वा सत्ताको परिवर्तन गर्न र विवाद समाधान गर्न ।*

*ङ) बालिग मतदाताले आफ्नो मत प्रकट गरी राजनीतिक निर्णयमा सहभागिता जनाउन । (नेपालको सन्दर्भमा १८ वर्ष उमेर पूरा भएका)*

*च) आफ्ना प्रतिनिधि मार्फत् शासन सञ्चालनमा सहभागिता जनाउन ।*

*छ) सहभागितात्मक नीति निर्माणलाई सुनिश्चित गर्दै विकासका क्रियाकलाप माथि अपनत्व कायम गर्न ।*

*ज) राजनीतिक दललाई आफ्ना मतदाताप्रति उत्तरदायी र जवाफदेही बनाउन ।*

*झ) निर्वाचनको माध्यमबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा सरकारको वैधता कायम गर्न ।*

### २.४ निर्वाचन नभएमा कस्तो परिस्थिति सिर्जना हुन सक्छ ?

क) जनप्रतिनिधिमूलक संस्थाहरू प्रतिनिधिविहिन हुन्छन् । देशमा राजनीतिक नेतृत्वको सहि ढङ्गले विकास हुन पाउँदैन ।

ख) सहभागितामूलक नीति निर्माणमा बाधा पुग्न सक्छ ।

ग) लोकतान्त्रिक अभ्यास हुन पाउँदैन ।

घ) राष्ट्रको अपेक्षित विकास नहुन सक्छ ।

ङ) निरंकुशताले प्रश्रय पाउँछ ।

निर्वाचन देशभरका मतदाताले स्वतन्त्रतापूर्वक गोप्य रुपमा मताधिकारको उपयोग गरी शासन प्रक्रियामा सहभागी हुने अवसर हो । यो एक ठूलो र व्यापक व्यवस्थापकीय निर्णय प्रक्रिया हो । जसको माध्यमबाट शान्तिपूर्ण तरिकाले सत्ता परिवर्तन हुन सक्छ । निर्वाचन एक समयमा गरिने एक दिने कार्यक्रम होइन । तोकिएको विधिमा यो निरन्तर चलिरहने प्रक्रिया वा चक्र हो । निर्वाचनको घटना एवं परिघटनाले सम्पूर्ण राष्ट्रिय जीवन प्रभावित हुन्छ । सामन्यतयाः संविधान तथा कानुनले तोके बमोजिम संघ, प्रदेश तथा स्थानीय तहको निर्वाचन आवधिक रुपमा गर्ने गरिन्छ ।

### २.५ संविधानमा नागरिकको कर्तव्य र अधिकार

(क) राष्ट्रप्रति निष्ठावान हुँदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु,

(ख) संविधान र कानूनको पालना गर्नु,

(ग) राज्यले चाहेका बखत अनिवार्य सेवा गर्नु,

(घ) सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु ।

### २.६ निर्वाचनका सन्दर्भमा नागरिकको कर्तव्य र अधिकार

निर्वाचनका सन्दर्भमा नागरिकको कर्तव्य र अधिकार भनेको एउटै सिक्काका दुई पाटा भने जस्तै हो । लोकतन्त्रमा नागरिकका अधिकारलाई सर्वोपरि ठानिएको हुन्छ । नागरिकले आफूले निर्वाह गर्ने कर्तव्यहरु पालना गर्नुपर्ने हुन्छ । बालिग मताधिकारको सिद्धान्त, मतको गोपनियताको सिद्धान्त, एक व्यक्ति एक मतको सिद्धान्त, आवधिक निर्वाचनको व्यवस्थाजस्ता निर्वाचनका अन्तर्राष्ट्रिय सिद्धान्तहरुले सबै योग्य मतदाताहरुलाई बिना अवरोध गोप्य मतदान गर्ने अधिकारमा जोड दिन्छन् । त्यसैले लोकतन्त्रको सवलीकरण आवधिक निर्वाचनबाट हुन्छ र निर्वाचनलाई बढी फलदायी बनाउन निर्वाचनमा योग्य, इमान्दार र चरित्रवान व्यक्ति छान्नु तथा सरकारको काम कारवाहीबारे सचेत हुनु र जनप्रतिनिधिहरूको गतिविधिबारे चासो राख्नु प्रत्येक नागरिकको कर्तव्य र अधिकार हो । निर्वाचनको समयमा जनता र देशको लागि काम गर्ने असल उम्मेदवारलाई मत दिई सुशासन र देश विकासमा टेवा पुऱ्याउनु नागरिकको मुख्य भूमिका हुन्छ ।

यसका अतिरिक्त निर्वाचनको सन्दर्भमा नागरिकको अधिकार कर्तव्य देहाय बमोजिम हुनेछ :-

| मतदाताका अधिकार | मतदाताका कर्तव्य |
|---|---|
| क) प्रत्येक मतदातालाई निर्वाचनमा उम्मेदवारी हुन पाउने अधिकार | क) तोकिएको उमेर पुगेका सबै नेपाली नागरिकले आफ्नो नाम मतदाता नामावलीमा दर्ता गराउने । |
| ख) आफूले चाहेका राजनीतिक दल वा उम्मेदवारलाई स्वतन्त्र र गोप्यरुपमा मतदान गर्ने । | ख) मतदाता नामावलीमा दर्ता गराएको नाम, थर, उमेर, फोटो आदि विवरण सही वा गल्ती भएको एकिन गर्ने । गल्ती भएमा विवरण तथा नाम सच्याउन वा नाम एक स्थानबाट अर्को स्थानमा सार्न परेमा जिल्ला निर्वाचन कार्यालय वा निर्वाचन आयोगले तोकेको स्थानमा तोकेको समयमा निवेदन दिने । |
| ग) उम्मेदवार वा राजनीतिक दलको घोषणापत्र तथा कार्यक्रमबारे जानकारी प्राप्त गर्ने । | ग) मतदाताको पहिचान दर्शाउने निर्वाचन आयोगले वितरण गरेको मतदाता परिचय पत्र लिने र सुरक्षित राख्ने । |
| घ) निर्वाचनमा सबै प्रक्रियामा देखिएका त्रुटी तथा कमी कमजोरीहरु उपर उजुर गर्ने । | घ) नामावलीमा नाम दर्ता र निर्वाचन प्रक्रियाका सम्बन्धमा  आफ्नो परिवारका सदस्यहरु तथा छरछिमेकीहरूलाई समेत जानकारी गराउने । |
| ङ) शान्तिपूर्ण वातावरणमा स्वतन्त्र भई मतदान गर्ने । | ङ) मतपत्रमा भएका विभिन्न दल र उम्मेदवारहरूका चिन्हहरूका सम्बन्धमा र मतदान गर्ने तरिकाका सम्बन्धमा जानकारी राख्ने र अरुलाई पनि यस सम्बन्धमा जनचेतना जगाउने । |
| च) निर्वाचन सम्बन्धी सूचना तथा जानकारी पाउने । | च) मतदान गर्नु सम्पूर्ण बालिग मतदाताको कर्तव्य भएकाले आफ्नो मतको सदुपयोग गर्ने । |
| छ) महिला, दलित, मधेशी, आदिवासी जनजाती, खस आर्य, थारु, मुस्लिम, अपांगता भएका व्यक्ति, पिछडिएको क्षेत्र लगायत समावेशी सिद्धान्तका आधारमा सबै नागरिकलाई निर्वाचनको हरेक प्रक्रियामा सहभागी हुने । | छ) आर्थिक प्रलोभन वा डर र धम्कीमा परेर आफ्नो अमूल्य मतको दुरुपयोग नगर्ने । अरुलाई पनि यस सम्बन्धमा जानकारी गराउने । |
| | ज) योग्यता पुगेका व्यक्तिहरूले निर्वाचनमा उम्मेदवार बन्ने अवसरको समेत सदुपयोग गर्ने । |

## २.७ निर्वाचनको सन्दर्भमा मतदाताले ध्यान दिनुपर्ने कुराहरू



क) मतदाताले आफ्नो नाम मतदाता नामावलीमा दर्ता गराई नाम तथा विवरण सहि भएको यकिन गर्नुपर्छ ।

ख) आफ्नो मतदान केन्द्र पहिचान गरी तोके अनुसारको प्रमाणसहित मतदान केन्द्रमा मतदान गर्न जानुपर्छ र यस बारेमा अरुलाई पनि जानकारी गराउनु पर्छ ।

ग) महिला, वृद्ध वृद्धा, अपांगता भएका व्यक्ति, अशक्त मतदातालाई आफूले चाहेको वा रोजेको दल वा उम्मेदवारलाई मत दिन सहयोग गर्नुपर्छ ।

घ) आचारसंहिता उल्लंघन भएको देखेमा निर्वाचन आयोग वा निर्वाचनमा खटिएका कर्मचारीलाई सोको सूचना दिनुपर्छ ।

ङ) मतदाताले आफ्नो मत कसैलाई पैसा लिई बेच्नु हुँदैन ।

च) मतदाताले कसैको डर, धम्की वा लोभ लालचमा परी मतदान गर्नु हुँदैन । महिला, आर्थिक रुपले विपन्न, अपांगता भएका मतदातालाई डर, धाक, धम्की अथवा लोभ लालच देखाई कसैको पक्षमा भोट दिन दबाव दिनु हुँदैन ।

छ) मतदाताले एउटा निर्वाचनमा एक पटक मात्र मतदान गर्नु पर्छ ।

## २.८ मतदान किन गर्ने ?

क) लोकतन्त्रमा नागरिकले शासन व्यवस्थामा सहभागी हुन ।

ख) मतदान गरी आफूलाई मन परेको राजनीतिक दल वा उम्मेदवारलाई छनौट गर्न ।

ग) आफूमा निहित मताधिकारको उपयोग गर्न ।

घ) निर्वाचनमा एक मत पनि निर्णायक हुन सक्छ ।

# सत्र : तीन

# निर्वाचन प्रणाली

## ३.१ निर्वाचन प्रणाली

लोकतन्त्रको सम्बर्द्धन र प्रबर्द्धनका लागि निर्वाचन प्रणालीको छनौट एक महत्वपूर्ण राजनीतिक निर्णय हो। निर्वाचन प्रणालीको छनौट गर्दा राज्यको परिस्थिति र परिवेश (राजनीतिक, सामाजिक, भौगोलिक, जनसाङ्खिक र आर्थिक) लाई आधार मान्नु पर्दछ। यसरी छनौट गरिएको निर्वाचन प्रणालीले मतदाताले खसाएको मतलाई विजयी स्थानमा रूपान्तरण गर्दछ। कुनै निर्वाचन प्रणालीमा खसेको सदर मतलाई विजयी स्थानमा रूपान्तरण गर्न तोकिएका सूत्रहरूको समेत प्रयोग गर्ने गरिन्छ।

### *३.१.१ निर्वाचन प्रणालीका आधारभूत मान्यता :*

*(क) मतदाता, निर्वाचन व्यवस्थापन र सबैका लागि बुझ्न र प्रयोग गर्न सरल,*

*(ख) राजनीतिक दल र जनतालाई स्वीकार्य,*

*(ग) देशको आर्थिक, प्राविधिक र प्रशासकीय दृष्टिकोणबाट धान्न सक्ने,*

*(घ) दिगो, स्थीर, प्रभावकारी र उत्तरदायी सरकारको प्रत्याभूत गर्न सक्ने,*


*(ङ) लोकतन्त्रलाई संस्थागत गर्ने,*

*(च) राजनीतिक प्रतिस्पर्धा, सहिष्णुता तथा बहुलबादलाई प्रबर्द्धन गर्ने,*

*(छ) सामाजिक, साँस्कृतिक र भौगोलिक समावेशीतालाई प्रतिनिधित्व गर्ने।*

### ३.१.२ निर्वाचन प्रणाली परिवार (Electoral System Families)

संसारका विभिन्न मुलुकहरूले भिन्नाभिन्नै किसिमका निर्वाचन प्रणालीहरू अपनाई आएको पाइन्छ । प्रचलनमा रहेका निर्वाचन प्रणालीहरू र तिनको परिवारका सम्बन्धमा तल उल्लेख गरिएको छ ।




### ३.१.३ बढी मत/बहुमत प्रणाली (Plurality/Majority System)

बढी मत/बहुमत प्रणालीको विशिष्टता भनेको नै एक सदस्यीय निर्वाचन क्षेत्रको प्रयोग गर्नु हो । यस प्रणाली अन्तर्गत एकातिर बढी मत ल्याई विजयी हुने कुरा गरिन्छ भने अर्कोतिर बहुमत प्राप्त गरी विजयी हुने कुरा गरिन्छ । बढी मत भनेको निर्वाचनमा सबैभन्दा बढी मत (एक मत बढी) ल्याउने दल वा उम्मेदवार विजयी हुने हो भने बहुमत भनेको निर्वाचनमा कुनै दल वा उम्मेदवारले खसेको सदरमतको कम्तिमा ५० प्रतिशत र थप १ मत प्राप्त गरी विजयी घोषणा गर्ने प्रणाली हो ।

#### क) पहिलो हुने निर्वाचित हुने प्रणाली (First Past The Post - FPTP)

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बढीमत/बहुमत निर्वाचन प्रणालीको सबैभन्दा सरल रूप हो । सदर मतको पूर्ण बहुमत नभए पनि अरूभन्दा बढी मत प्राप्त गर्ने उम्मदेवार विजयी हुन्छ । यो प्रणाली एक सदस्यीय निर्वाचन क्षेत्रमा प्रयोग गरिन्छ र यसमा मतदाताले राजनीतिक दललाई नभई उम्मेदवारलाई मत दिन्छन् ।

### ख) दुई चरण प्रणाली (Two Round System - TRS)

यस प्रणाली अन्तर्गत विभिन्न चरणमा निर्वाचन हुन्छ । पहिलो चरणको निर्वाचनमा कुनै उम्मेदवार वा दलले निर्धारित मत पूर्ण बहुमत (पचास प्रतिशत र थप एक) मत प्राप्त गर्न नसकेमा दोस्रो पटक निर्वाचन गरिन्छ । दोस्रो चरणको निर्वाचनमा पहिलो चरणमा सबैभन्दा बढी मत ल्याउने दुई उम्मेदवारबीच प्रतिस्पर्धा गरिन्छ । ती दुईमध्ये जसले पचास प्रतिशतभन्दा बढी मत प्राप्त गर्छ उही विजयी घोषित गरिन्छ ।

### ग) वैकल्पिक मत (Alternative Vote - AV/Preferential Voting System)

यस प्रणाली अन्तर्गत मतदाताहरूले आफ्नो प्राथमिकता दर्शाउन मतपत्रमा अङ्कको प्रयोग गर्दछन् । प्रथम प्राथमिकताको सदर मतपत्रको पूर्ण बहुमत (पचास प्रतिशत र थप एक मत) ल्याउने उम्मेदवार विजयी भएको घोषणा गरिन्छ । कुनै उम्मेदवारले प्रथम प्राथमिकताको पूर्ण बहुमत प्राप्त गर्न नसकेमा कम मत ल्याउने उम्मेदवारलाई सूचीबाट क्रमशः हटाईन्छ र तिनका बाँकी सदरमत कुनै एक उम्मेदवारले पूर्ण बहुमत नल्याएसम्म पुनः वितरण गरिन्छ ।

### घ) एकमुष्ट मत (Block Vote - BV)

मतदातालाई आफ्नो निर्वाचन क्षेत्रबाट जति स्थान निर्वाचन गर्नुपर्ने हुन्छ त्यति नै मतदान गर्ने अधिकार प्राप्त हुन्छ र जुनसुकै दलसँग सम्बन्धित भए पनि मतदाताहरू उम्मेदवारहरूलाई मतदान गर्न स्वतन्त्र रहन्छन् । बढी मत ल्याउने आवश्यक निर्वाचित हुने स्थान वा सङ्ख्याका उम्मेदवारलाई विजयी घोषणा गरिन्छ ।

### ङ) दलगत एकमुष्ट मत (Party Block Vote - PBV)

यस प्रणाली अन्तर्गत मतदाताहरूले आफ्नो छनौटको दललाई एकल दल केन्द्रीत मतको आधारमा मतदान गर्दछन (उम्मेदवारहरूलाई मतदान गर्दैनन्) । सबैभन्दा बढी मत प्राप्त गर्ने दलले निर्वाचन क्षेत्रका प्रत्येक स्थान जित्ने गर्दछन् ।

## ३.१.४ समानुपातिक प्रतिनिधित्व प्रणाली (Proportional Representation - PR)

यस निर्वाचन प्रणालीअन्तर्गत बहुनिर्वाचन क्षेत्रबाट प्राप्त सदरमतको प्रतिशतको आधारमा दल वा उम्मेदवारलाई स्थान तोकिन्छ । यस प्रणाली अन्तर्गत सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व र एकल संक्रमणीय निर्वाचन प्रणाली पर्दछन् ।

**क) सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व** (List Proportional Representation)

यस प्रणालीअन्तर्गत निर्वाचनमा सहभागी हुने प्रत्येक दल वा समूहले निर्वाचन क्षेत्रको लागि उम्मेदवारहरूको सूची प्रस्तुत गर्दछन् । तर मतदाताहरूले दलका निम्ति मतदान गर्दछन र दलहरूले पाएको मतको सम्पूर्ण हिस्साको अनुपातमा स्थान वितरण गरिन्छ । यो प्रणालीमा प्रचलनमा आएका सूचीहरु मध्ये बन्द सूची र खुला सूचीका नामले बढी परिचित छन् ।

**बन्द सूची** (Close List)

*सम्पूर्ण मुलुकलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनका निमित्त महिला, दलित, उत्पीडित जाति/आदिवासी जनजाति, पिछडिएको क्षेत्र, मधेसी, खस आर्य तथा अन्य समूह समेतको समानुपातिक प्रतिनिधित्व हुने गरी राजनीतिक दलले उम्मेदवारको नाम समावेश गरी आयोग समक्ष पेश गरेको सूची नै उम्मेदवारको बन्दसूची हो । आयोग समक्ष पेश भएको बन्दसूचीमा रहेका नाम थपघट वा परिवर्तन गर्न पाइदैन । तर यस्तो बन्दसूची भन्नाले खामबन्दी वा गोप्य भन्ने अर्थ लिनु हुँदेन । उम्मेदवारको बन्दसूचीमा रहेको नामावली आयोगले सार्वजनिक गर्नेछ ।*

**खुला सूची** (Open List)

*खुला सूचीः समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत प्रयोग गरिने एक स्वरुप हो, जसमा मतदाताले दल वा समूह दुवैलाई एउटामा प्राथमिकता प्रकट गर्न सक्छन् वा कुनै समयमा दल वा समूह भित्रका उम्मेदवारहरुलाई प्राथमिकता तोकि मत प्रकट गर्न पाउने अधिकार प्रदान गरिन्छ । यस सम्बन्धमा दलको तर्फबाट उम्मेदवारहरुको सूची प्रस्तुत गर्दा नै निर्वाचित हुने उम्मेदवारको प्राथमिकताक्रम निर्धारण गरी पेश गरिन्छ र जुन कुरा मतदातालाई अग्रिम जानकारी हुन्छ ।*

**ख) एकल सङ्क्रमणीय मत** (Single Transferable Vote, - STV)

यस प्रणाली अन्तर्गत मतदाताले बहुसदस्यीय निर्वाचन क्षेत्रका उम्मेदवारहरूको क्रम निर्धारण गर्दछन् । जस अनुसार पहिलो प्राथमिकता बमोजिम मत प्राप्त गर्ने उम्मेदवार तत्कालै विजयी घोषणा गरिन्छ । त्यसपछिको प्रक्रियामा कम मत प्राप्त गर्ने उम्मेदवारहरूलाई क्रमशः सूचीबाट हटाइन्छ र त्यस्ता उम्मेदवारहरूको मत अर्को

उम्मेदवार विजयी हुने संभावना नभएसम्म पुनः वितरण गरिन्छ । यस प्रणालीमा निर्वाचित हुने कोटा निर्धारणको लागि देहायको सूत्र प्रयोग गरिन्छ ।

$$\text{कोटा} = \frac{\text{सदर मत संख्या}}{\text{निर्वाचन गर्नुपर्ने स्थान} + १} + १$$

### ३.१.५ मिश्रित प्रणाली (Mixed Systems)

यस प्रणालीअन्तर्गत बढी मत/बहुमत प्रणाली र समानुपातिक प्रणालीका राम्रा राम्रा गुणहरूलाई समेटर प्रतिनिधिको चयन गरिन्छ । यदि माथिका दुई प्रणालीलाई छुट्टाछुट्टै आधार मानी प्रतिनिधिहरूको चयन हुन्छ भने त्यसलाई मिश्रित प्रणाली भनिन्छ । संविधानसभा सदस्य निर्वाचन २०६४ र २०७० मा नेपालले मिश्रित प्रणाली अपनाएको थियो ।

**क) मिश्रित सदस्य समानुपातिक** (Mixed Member Proportional - MMP)

यस प्रणाली अन्तर्गत मतदाताहरूबाट अभिव्यक्त हुने छनौटलाई दुई भिन्न प्रणालीहरू - सूचीमा आधारित निवार्चन प्रणाली र बढी मत/बहुमत प्रणाली मार्फत् प्रतिनिधिहरू निवार्चन गर्ने गरिन्छ । जसमा बढी मत/बहुमत प्रणालीबाट हुन गएको निर्वाचन परिणामको अमिल्दो अनुपातको लागि सूचीमा आधारित समानुपातिक प्रणालीले क्षतिपूर्ति दिनुपर्ने हुन्छ ।

**ख) समानान्तर** (Parallel)

समानान्तर प्रणालीमा समानुपातिक र बढीमत/बहुमत प्रणाली दुवैका विशेषताहरू समावेश हुन्छन् तर मिश्रित सदस्यीय समानुपातिक प्रणालीको विपरित यस प्रणालीले बढीमत/बहुमतमा आधारित निर्वाचन क्षेत्र भित्रको कुनै अमिल्दो अनुपात वापत क्षतिपूर्ति दिंदैन । यो ब्यवस्था नेपालको संविधान, २०७२ मा ब्यवस्था गरिएको छ ।

### ३.१.६ अन्य प्रणाली (Others)

माथिका तीन वटा निर्वाचन प्रणाली अन्तर्गत नपरेका एकल असङ्क्रमणीय मत, सीमित मत, र प्राथमिकता गणना मतलाई यस प्रणाली अन्तर्गत समावेश गरिएको छ ।

**क) एकल असङ्क्रमणीय मत** (Single Non Transferable Vote – SNTV)

यस प्रणाली अन्तर्गत बहुसदस्यीय निर्वाचन क्षेत्रमा मतदाताले एकल सदस्यीय केन्द्रित सिद्धान्त अनुसार एउटा उम्मेदवारलाई मात्र मतदान गर्दछन् । यसक्रममा सबैभन्दा बढी मत ल्याउने उम्मेदवारलाई विजयी घोषणा गरिन्छ ।

### ख) **सीमित मत** (Limited Vote)

यस प्रणाली अन्तर्गत मतदातालाई एकभन्दा बढी तर निर्वाचित गरिनु पर्नेभन्दा कम मताधिकार दिइन्छ । एकमुष्ठ मत र एकल असङ्क्रमणीय मत प्रणालीमा जस्तै यस प्रणाली अन्तर्गत पनि कूल सदर मतमा सबैभन्दा बढी मत ल्याउने उम्मेदवारलाई विजयी घोषणा गरिन्छ ।

### ग) **प्राथमिकता गणना** (Modified Borda Count)

एकल वा बहुसदस्यीय निवार्चन क्षेत्रमा प्रयोग हुने उम्मेदवार केन्द्रित प्राथमिकता प्रणाली हो । जसमा मतदाताले उम्मेदवार चयन गर्न मतपत्रमा प्राथमिकता तोक्न अंक दिन्छन् । यसरी प्राथमिकताको आधारमा दिएको अंकलाई १, २, ३ को मूल्यबाट हिसाव गरी विजयी घोषणा गरिन्छ ।

### ३.१.७ निर्वाचन प्रणालीका विशेषता र उदाहरणहरू

| निर्वाचन प्रणालीका परिवार | आधारभूत गुणहरू | निर्वाचन प्रणाली | देश र निर्वाचन प्रणाली |
|---|---|---|---|
| **बढी मत बहुमत**<br>Plurality /Majority | निर्वाचन क्षेत्रबाट सबभन्दा बढी सदर मत प्राप्त गरी निर्वाचित हुने उम्मेदवार | पहिलो हुने निर्वाचित हुने (FPTP) | भारत, केन्या, मलेसिया, बेलायत, अमेरिका र नेपाल |
| | | एकमुष्ठ मत र दलगत एकमुष्ट मत (Block Vote - BV and Party Block Vote - PBV) | लाओस, सिरिया, सिंगापुर, क्यामरून |
| | | वैकल्पिक मत (Alternative Vote - AV/Preferential Voting System) | अष्ट्रेलिया (तल्लो सदन), फिजी |
| | | दुई चरण प्रणाली (TRS) | फ्रान्स, इरान, हैटी, किर्गिस्तान, माल्दिभ्स |
| **समानुपातिक प्रतिनिधित्व**<br>Proportional Representation (PR) | सबै निर्वाचन क्षेत्रबाट कुनै दलले प्राप्त गरेको मतको हिस्सा सोही बराबरको अनुपातमा निर्धारित स्थानमा रूपान्तरण गर्ने | बन्द सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व (List proportional representation-Closed List ) | कम्बोडिया, निकारागुवा, दक्षिण अफ्रिका, स्वीडेन, नेपाल |
| | | खुला सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व (List of Proportional Representation - Open List) | श्रीलंका (बन्द सूची वा खुला) डेनमार्क, इण्डोनेशिया, नेदरल्याण्ड |
| | | एकल सङ्क्रमणीय मत (Single Transferable Vote - STV) | अष्ट्रेलिया (माथिल्लो सदन) आयरल्यान्ड, माल्टा |
| **मिश्रित प्रणाली**<br>(Mixed System) | बढी मत/बहुमत निर्वाचन प्रणाली र समानुपातिक प्रतिनिधित्व निर्वाचन प्रणाली दुवैका सकारात्मक गुणहरूलाई मिलाई उपयोग गरिने प्रणाली हो । | मिश्रित सदस्य समानुपातिक (Mixed Member Proportional -MMP) | बोलिभिया, जर्मनी, हंगेरी, भेनेजुयला |
| | | समानान्तर (Parallel) | जापान, पाकिस्तान, फिलिपिन्स, रसिया, सेनेगल, युक्रेन |
| **अन्य**<br>(Others) | माथि उल्लेख गरिएका निर्वाचन प्रणाली अन्तर्गत नपर्ने प्रणालीहरू | एकल असङ्क्रमणीय मत (Single Non Transferable Vote - SNTV) | अफगानिस्तान, जोर्डन, भानुआतु |
| | | सुधारिएको प्राथमिकता गणना (Modified Borda Count) | नाउरू |
| | | सीमित मत (Limited Vote) | जिब्राल्टार, स्पेन (माथिलो सदन) |

### ३.१.८ निर्वाचन प्रणाली तय गर्दा ध्यान दिनुपर्ने कुराहरू

(क) देशको सामाजिक, भौगोलिक र सांस्कृतिक स्थिति,

(ख) उपलब्ध प्राविधिक, प्रशासनिक तथा आर्थिक स्रोतहरू,

(ग) न्यूनतम सीमा (सिट निर्धारण गर्नका लागि न्यूनतम प्रतिशत मत आवश्यक पर्ने)

(घ) निर्वाचनमा प्रतिस्पर्धाको स्वरुप (राजनीतिक दलहरू वा स्वतन्त्र व्यक्तिहरु उम्मेद्‌वारहरू)

(ङ) मतपत्रको ढाँचा,

(च) निर्वाचन सूत्र ('मतहरू' कसरी सिटमा रुपान्तरण गरिन्छ)

(छ) दर्ता भएका मतदाताहरूका आधारमा प्रतिनिधिहरूको अनुपात,

(ज) समावेशी व्यवस्था (महिला तथा अल्पसङ्ख्यकको प्रतिनिधित्वको सुनिश्चितता)

(झ) लोकतन्त्रको अवस्था ।

निर्वाचन प्रणालीका आ आफ्नै किसिमका विशेषताहरु हुन्छन् । माथि उल्लेखित सबै प्रणालीका फाईदा र बेफाईदा उल्लेख नगरिकन हाल नेपालमा प्रचलनमा रहेका देहायका दुई निर्वाचन प्रणालीहरुको फाईदा बेफाईदा संक्षेपमा तल उल्लेख गरिएको छ ।

## नेपालको संविधानले व्यवस्था गरेको निर्वाचन तथा निर्वाचन प्रणाली

### १. राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन

नेपालको संविधान धारा ६२ र ६९ अनुसार राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी व्यवस्था देहाय बमोजिम रहेको छ :

(१) राष्ट्रपतिको निर्वाचन संघीय संसदका सदस्य र प्रदेश सभाका सदस्य मतदाता रहेको निर्वाचक मण्डलबाट हुनेछ । संघीय संसदका सदस्य र प्रदेश सभाका सदस्यको मतभार संघीय कानून बमोजिम फरक हुनेछ ।

(२) निर्वाचक मण्डलको तत्काल कायम रहेको कुल मतको बहुमत प्राप्त गर्ने व्यक्ति राष्ट्रपति निर्वाचित हुनेछ ।

(३) यसरी निर्वाचन गर्दा कुनै उम्मेदवारले बहुमत प्राप्त गर्न नसकेमा सबैभन्दा बढी मत प्राप्त गर्ने दुई उम्मेदवारहरू बीच मतदान हुनेछ र त्यस्तो मतदानमा कुल मतको पचास प्रतिशतभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार राष्ट्रपति निर्वाचित हुनेछ ।

(४) कुनै उम्मेदवारले कुल मतको पचास प्रतिशतभन्दा बढी मत प्राप्त गर्न नसकेमा पुनः मतदान हुनेछ । त्यस्तो मतदानमा खसेको कुल सदर मतको बढी मत प्राप्त गर्ने उम्मेदवार राष्ट्रपति निर्वाचित हुनेछ ।

(५) निर्वाचन, मनोनयन वा नियुक्ति हुने राजनीतिक पदमा बहाल रहेको राष्ट्रपति निर्वाचित भएमा निजको त्यस्तो पद स्वतः रिक्त हुनेछ ।

(६) राष्ट्रपतिको निर्वाचन र तत्सम्बन्धी अन्य व्यवस्था संघीय कानून बमोजिम हुनेछ ।

## २. संघीय व्यवस्थापिकाको निर्वाचन

नेपालमा प्रतिनिधि सभा र राष्ट्रिय सभा गरी दुई सदनात्मक संघीय व्यवस्थापिका हुनेछ जसलाई संघीय संसद भनिन्छ । नेपालको संविधानको धारा ८४ र ८६ बमोजिम संघीय व्यवस्थापिकाको निर्वाचन सम्बन्धी व्यवस्था देहाय बमोजिम रहेको छ :

### २क) प्रतिनिधि सभा निर्वाचन :

(१) प्रतिनिधि सभाको निर्वाचन पहिलो हुने निर्वाचित हुने र समानुपातिक गरी दुई प्रणाली मार्फत हुने व्यवस्था रहेको छ। प्रतिनिधि सभामा देहाय बमोजिमका दुई सय पचहत्तर सदस्य रहनेछन् :-

(क) नेपाललाई भूगोल र जनसंख्याको आधारमा एक सय पैंसठ्ठी निर्वाचन क्षेत्र कायम गरी प्रत्येक निर्वाचन क्षेत्रबाट एक जना रहने गरी पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुने एक सय पैंसठ्ठी सदस्य,

(ख) सम्पूर्ण देशलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुने एक सय दश सदस्य

(२) समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा जनसंख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था संघीय कानून बमोजिम हुनेछ । त्यसरी उम्मेदवारी दिंदा भूगोल र प्रादेशिक सन्तुलनलाई समेत ध्यान दिनु पर्नेछ ।

(३) राजनीतिक दलले उम्मेदवारी दिंदा अपांगता भएको व्यक्तिको समेत प्रतिनिधित्व हुने व्यवस्था गर्नु पर्नेछ ।

(४) एउटै व्यक्ति एकभन्दा बढी निर्वाचन क्षेत्रमा एकै पटक उम्मेदवार हुन पाउने छैन ।

(५) प्रतिनिधि सभाको कार्यकाल छ महीनाभन्दा बढी अवधि बाँकी छँदै कुनै सदस्यको स्थान रिक्त भएमा त्यस्तो स्थान जुन निर्वाचन प्रणालीबाट पूर्ति भएको थियो सोही प्रक्रियाद्वारा पूर्ति गरिनेछ ।

(६) संघीय संसदमा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य संख्याको कम्तीमा एक तिहाइ सदस्य महिला हुनु पर्नेछ ।

**२ख) राष्ट्रिय सभाको निर्वाचन :**

(१) राष्ट्रिय सभा एक स्थायी सदन हुनेछ । राष्ट्रिय सभामा देहाय बमोजिमका उनान्साठी सदस्य रहनेछन् :-

(क) प्रदेश सभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख रहेको निर्वाचक मण्डलद्वारा संघीय कानून बमोजिम प्रदेश सभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखको मतको भार फरक हुने गरी प्रत्येक प्रदेशबाट कम्तीमा तीन जना महिला, एक जना दलित र एक जना अपांगता भएका व्यक्ति वा अल्पसंख्यक सहित आठ जना गरी निर्वाचित छपन्न जना,

(ख) नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनीत कम्तीमा एक जना महिला सहित तीन जना ।

(२) राष्ट्रिय सभाका सदस्यहरूको पदावधि छ वर्षको हुनेछ । राष्ट्रिय सभाका एक तिहाइ सदस्यको पदावधि प्रत्येक दुई वर्षमा समाप्त हुनेछ ।

तर यो संविधान प्रारम्भ भएपछि पहिलो पटक सदस्यको पदावधि कायम गर्दा गोला प्रथाद्वारा एक तिहाइको दुई वर्ष, अर्को एक तिहाइको चार वर्ष र बाँकी एक तिहाइको छ वर्षको हुने गरी पदावधि कायम गरिनेछ ।

(३) यो संविधान प्रारम्भ भएपछि राष्ट्रिय सभाका सदस्यको पहिलो पटक पदावधि गणना गर्दा राष्ट्रिय सभाको प्रथम बैठक बसेको दिनबाट सम्पूर्ण सदस्यहरूको पदावधि प्रारम्भ भएको मानिनेछ ।

(४) राष्ट्रिय सभाको रिक्त हुन आउने स्थानको पूर्ति त्यस्तो स्थान रिक्त गर्ने सदस्यको निर्वाचन वा मनोनयन जुन तरीकाले भएको थियो सोही तरीकाले बाँकी अवधिका लागि गरिनेछ ।

**३. प्रदेश व्यवस्थापिका :**

(१) प्रदेशको व्यवस्थापिका एकसदनात्मक हुनेछ जसलाई प्रदेश सभा भनिनेछ । प्रत्येक प्रदेश सभामा देहाय बमोजिमको संख्यामा सदस्य रहनेछन् :-

(क) सम्बन्धित प्रदेशबाट प्रतिनिधि सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुने सदस्य संख्याको दोब्बर संख्यामा हुन आउने सदस्य,

(ख) माथि बमोजिम कायम हुने सदस्य संख्यालाई साठी प्रतिशत मानी बाँकी चालीस प्रतिशतमा समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने सदस्य ।

(२) यस बमोजिम निर्वाचनका लागि भूगोल र जनसंख्याको आधारमा संघीय कानून बमोजिम निर्वाचन क्षेत्र कायम गरिनेछ ।

(३) प्रदेश सभाका साठी प्रतिशत सदस्यहरू पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम र चालीस प्रतिशत सदस्यहरू समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुनेछन् ।

(४) समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा जनसंख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र, अल्पसंख्यक समुदाय समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व हुने व्यवस्था संघीय कानून बमोजिम हुनेछ । त्यसरी उम्मेदवारी दिंदा सम्बन्धित प्रदेशको भौगोलिक सन्तुलनलाई समेत ध्यान दिनु पर्नेछ ।

(५) राजनीतिक दलले उम्मेदवारी दिंदा अपांगता भएका व्यक्तिको समेत प्रतिनिधित्व हुने व्यवस्था गर्नु पर्नेछ ।

(६) प्रदेश सभाको कार्यकाल छ महीना भन्दा बढी अवधि बाँकी छँदै कुनै सदस्यको स्थान रिक्त भएमा त्यस्तो स्थान जुन निर्वाचन प्रणालीबाट पूर्ति भएको थियो सोही प्रक्रियाद्वारा पूर्ति गरिनेछ ।

(७) प्रदेश सभामा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य संख्याको कम्तीमा एक तिहाइ सदस्य महिला हुनु पर्नेछ ।

(८) एउटै व्यक्ति एक भन्दा बढी निर्वाचन क्षेत्रमा एकै पटक उम्मेदवार हुन पाउने छैन ।

## ४. स्थानीय व्यवस्थापिका :

संविधानको अधीनमा रही स्थानीय तहको व्यवस्थापिकीय अधिकार गाउँ सभा र नगर सभामा निहित रहनेछ । गाउँ सभा तथा नगर सभाको निर्वाचन देहायबमोजिम हुनेछ : -

### (४क) गाउँ सभाको गठन :

(१) गाउँ सभामा गाउँ कार्यपालिका अध्यक्ष र उपाध्यक्ष, वडा अध्यक्ष र प्रत्येक वडाबाट निर्वाचित चारजना सदस्य र गाउँसभाबाट निर्वाचित दलित वा अल्पसंख्यक समुदायबाट निर्वाचित २ जना सदस्य रहनेछन् ।

(२) यसरी गठन हुने गाउँ सभामा प्रत्येक वडाबाट कम्तीमा दुईजना महिलाको प्रतिनिधित्व हुनेछ ।

(३) संघीय कानून बमोजिम गाउँपालिकामा रहने प्रत्येक वडामा वडा अध्यक्ष र चारजना सदस्यहरू रहेको वडा समिति गठन हुनेछ । त्यस्तो वडा अध्यक्ष र वडा सदस्यको निर्वाचन पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुनेछ ।

**(४ख) नगर सभाको गठन :**

(१) नगर सभामा नगर कार्यपालिकाका प्रमुख र उपप्रमुख, वडा अध्यक्ष र प्रत्येक वडाबाट निर्वाचित चारजना सदस्य र नगर सभाबाट निर्वाचित दलित वा अल्पसंख्यक समुदायबाट निर्वाचित ३ जना सदस्य रहनेछन ।

(२) उपधारा (१) बमोजिम गठन हुने नगर सभामा प्रत्येक वडाबाट कम्तीमा दुईजना महिलाको प्रतिनिधित्व हुनेछ ।

(३) संघीय कानून बमोजिम नगरपालिकामा रहने प्रत्येक वडामा वडा अध्यक्ष र चारजना सदस्यहरू रहेको वडा समिति गठन हुनेछ । त्यस्तो वडा अध्यक्ष र वडा सदस्यको निर्वाचन पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुनेछ ।

## पहिलोहुने निर्वाचितहुने निर्वाचन प्रणालीका फाइदाहरू

(क) मतदान एवं मतगणना गर्न सजिलो र सरल हुने,

(ख) उम्मेदवार र मतदाताको बीचमा प्रत्यक्ष सम्बन्ध रहने,

(ग) बहुमत ल्याएपछि सरकार चलाउन वैधानिकता प्राप्त हुने, साना ठूला अन्य सहमति जुटाउन आवश्यक नपर्ने,

(घ) स्वतन्त्र उम्मेदरवारले पनि निर्वाचनमा भाग लिन पाउने,

(ङ) क्षेत्रीय र स्थानीय राजनीतिक दलहरूले पनि शासन सत्तामा सहभागी हुन सक्ने,

(च) एउटा दललाई बहुमत प्राप्त भई स्थिर सरकार बन्न सक्ने बढी सम्भावना रहने ।

## पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका बेफाइदाहरू

(क) जनसाङख्यिक बनौट अनुसारकै प्रतिनिधित्व हुने न्यून संभावना,

(ख) बढी मत खेर जाने,

(ग) राजनीतिक दलले पाएको मत अनुसार स्थान नपाउने,

(घ) धेरै मत पाएर पनि उम्मेदवारले पराजय भोग्नु पर्ने,

(ङ) महिला र पिछडिएको वर्गको प्रतिनिधित्वको न्यून संभावना,

(च) खर्चिलो र भड्किलो हुने संभावना ।

## समानुपातिक निर्वाचन प्रणालीका फाइदाहरू

(क) मत कम खेर जाने,

(ख) राज्यको जनसासङख्यीक बनोट अनुसारको प्रतिनिधित्व (महिला तथा पिछडिएका

वर्ग, क्षेत्र, अल्पसङख्यक र जातजातिको प्रतिनिधित्व हुने),

(ग) राजनीतिक दललाई बलियो बनाउँने,

(घ) चुनावमा भाग लिने अधिकांश राजनीतिक दलहरुको प्रतिनिधित्व हुने ।

## समानुपातिक निर्वाचन प्रणालीका बेफाइदाहरू

(क) कोटा बमोजिमको उम्मेदवारी दिन, पहिचान गर्ने जस्ता निर्णय गर्न कठीन,

(ख) मतबाट सिटमा रूपान्तरण गरिने प्रक्रिया जटील,

(ग) उम्मेदवार र जनताबीचको प्रत्यक्ष सम्बन्ध नरहने,

(घ) उम्मेदवारको सूचीमा राजनीतिक दलको नियन्त्रण हुने हुँदा सही प्रतिनिधि छनौट हुने संभावना कम हुने ।

# सत्र : चार

# निर्वाचन चक्र/प्रक्रिया

## ४.१ निर्वाचन चक्र

निर्वाचन एक चुनौतीपूर्ण एवं वृहत व्यवस्थापकीय कार्य हो । निर्वाचन व्यवस्थापनमा विधि र प्रक्रियालाई बढी महत्व प्रदान गरिन्छ। निर्वाचन एक दिनमा सम्पन्न हुने कार्य होइन। यो निरन्तर चलिरहने प्रक्रिया हो । निर्वाचन चक्रले निर्वाचन प्रक्रियाका मुख्य मुख्य चरण र ती चरणमा गरिने क्रियाकलापहरुको बारेमा जानकारी गराउँछ। निर्वाचन चक्रमा पर्ने विभिन्न चरण र क्रियाकलापहरूको स्पष्ट बुझाईले र सो अनुरुप सम्पादित क्रियाकलापहरुले मात्र स्वतन्त्र, निष्पक्ष र विश्वसनीय निर्वाचन गराउन संभव हुन्छ । निर्वाचनको समग्र व्यवस्थापनमा त्यस अन्तगर्तका विभिन्न साना मसीना क्रियाकलापहरूलाई समेत गहिरिएर चिरफार गर्नुपर्ने हुन्छ। क्रियाकलापहरूलाई यथोचित पहिचान र विश्लेषण गर्न सकिएन भने त्यसबाट निर्वाचनको समग्र प्रक्रियामै बाधा पुग्न जान्छ। त्यसैले निर्वाचन चक्रलाई निर्वाचनको योजना बनाउने एउटा प्रभावकारी साधनको रूपमा लिइन्छ । अत: निवार्चन चक्रमा पर्ने विविध क्रियाकलापहरूलाई चरणवद्ध रूपमा विश्लेषण गर्न उपयुक्त हुन्छ । सामान्यतया निर्वाचन क्रियाकलापहरूलाई तीन चरणमा विभक्त गरी विश्लेष्ण गर्ने प्रचलन रहको छ ।

**चरण - १** : निर्वाचन पूर्व (Pre election phase)
**चरण - २** : निर्वाचन अवधि (During election phase)
**चरण - ३** : निर्वाचन पश्चात् (Post election phase)

*माथिको चक्रमा समावेश कतिपय क्रियाकलापहरू एक चरणबाट अर्को चरणमा पनि दोहोरिने प्रकृतिका हुन्छन् । सबै क्रियाकलापहरू माथि उल्लेख गरिए अनुसार नै कित्ताबन्दी रूपमा सिमित भइरहन नसक्ने यथार्थता पनि व्यवहारमा अनुभव गर्न थालिएको छ ।*




**(क)** **निर्वाचन पूर्वको चरण** (Pre election phase) यस चरणमा निर्वाचन सुधारका कार्यहरु तथा रणनीतिक योजनाले निर्देश गरेका क्रियाकलापहरु प्रारम्भ गरिन्छ । निर्वाचन कानून, सांगठनिक सुधार, संस्थागत एवम जनशक्तिको क्षमताको अभिवृद्धि गरिन्छ । नेपालको सन्दर्भमा निर्वाचनको मिति घोषणा वा मतदानको मितिभन्दा १ सय २० दिन भन्दा अगाडिको अवधि नै निर्वाचन पूर्वको चरण हो ।

**(ख)** **निर्वाचन अवधिको चरण** (During election phase) निर्वाचन आयोग ऐन, २०६३ को दफा २ बमोजिम “निर्वाचन अवधि” भन्नाले निर्वाचन/मतदान हुने मिति भन्दा एक सय बीस दिन अगाडिदेखि निर्वाचनको अन्तिम परिणाम सार्वजनिक नभएसम्मको अवधि सम्झनुपर्छ । यस चरणमा निर्वाचनको लागि आवश्यक पर्ने निर्वाचन सामाग्रीको व्यवस्थापन, जनशक्तिको

आंकलन र तालिम तथा मतपत्र छपाई ढुवानी आदि गरिन्छ । मतदान, मतगणना तथा परिणाम घोषणा गरी निर्वाचन सम्पन्न गरिन्छ ।

**(ग)** **निर्वाचन पश्चातको चरण** (Post election phase) निर्वाचनको अन्तिम परिणाम सार्वजनिक भइसकेपछि यो चरणको प्रारम्भ हुन्छ । यस चरणमा सम्पन्न भएको निर्वाचनको समग्र मूल्याङकन गरि प्रतिवेदन तयार पारिन्छ । निर्वाचन पर्यवेक्षण संस्थाहरुको प्रतिवेदन प्राप्त हुन्छन् । सम्पन्न निर्वाचनमा देखिएका कमी कमजोरीहरु हटाउन रणनितिक योजनाको निर्माण गरिन्छ ।

मतदाता नामावली संकलन तथा प्रशोधन, तालिम, मतदाता/निर्वाचन शिक्षा कार्यक्रम जस्ता कार्यक्रमहरु निर्वाचन चक्रका तीनवटै चरणहरुमा निरन्तर चलिरहन्छन् ।

### निर्वाचन प्रक्रिया र त्यस अन्तर्गतका महत्वपूर्ण क्रियाकलापहरू

क) निर्वाचन प्रणालीको निर्धारण,

ख) निर्वाचन कानून तथा निर्देशिका निर्माण, परिमार्जन र सुधार,

ग) निर्वाचन क्षेत्र निर्धारण,

घ) निर्वाचन कार्यतालिका निर्माण (निर्वाचन बजेट र स्रोतसाधनको अनुमान तथा निर्धारण)

ङ) मतदाता नामावली संकलन तथा अद्यावधिक

च) निर्वाचन सरोकारवालाहरुसँग छलफल, परामर्श तथा अर्न्तक्रिया

छ) मतदान केन्द्र निर्धारण

ज) निर्वाचन सामग्री तयारी तथा व्यवस्थापन

झ) जनशक्ति आंकलन र परिचालन

ञ) निर्वाचन प्रशिक्षण (क्षमता अभिवृद्धि कार्यक्रम)

ट) निर्वाचन/मतदाता शिक्षा कार्यक्रम सञ्चालन

ठ) निर्वाचन कार्यक्रम र मनोनयन/कार्यालय स्थापना

ड) निर्वाचन सुरक्षा व्यवस्था

ढ) निर्वाचन आचार संहिताको कार्यान्वयन

ण) निर्वाचन पर्यवेक्षण र अनुगमन

त) मतदान केन्द्रको तयारी र मतदान

थ) मतगणना र परिणाम घोषणा

द) प्रतिवेदन र पृष्ठपोषण

निर्वाचन चक्र अन्तर्गतका माथि उल्लेखित विभिन्न प्रक्रियाहरु मध्ये मतदाता नामावली संकलन, मतदाता शिक्षा र मतदान कार्यक्रम यस प्रशिक्षण सँग बढी सरोकार राख्ने विषय भएको हुँदा यहाँ सक्षिप्त रुपमा प्रस्तुत गरिएको छ ।

## ४.२ मतदाता नामावली

### ४.२.१ मतदाता नामावली के हो ?

योग्य मतदाताहरूको पहिचान गरी कुनै आयोगद्वारा स्वीकृत गरिएको मतदाताहरूको नाम तथा व्यक्तिगत विवरण सहितको नामावली नै मतदाता नामावली हो । यही मतदाता नामावलीकै आधारमा मतदाताले निर्वाचनमा भाग लिन पाउँछन् ।

मतदाता नामावली संकलन गर्दा योग्य मतदाताहरूको पहिचान गरी फोटो, औंलाको छाप (Bio-metric data) र व्यक्तिगत विवरण समेत संकलन गरिन्छ ।

| | | | | | |
|---|---|---|---|---|---|
| १<br>२<br>३<br>४<br>५<br>६ | १४३७०४८२<br>अनिल महर्जन<br>३०/१९५४ / ललितपुर<br>२०३५-०९-२० / पुरुष<br>भगवती महर्जन<br>हरीमान / लालमाया |  | १<br>२<br>३<br>४<br>५<br>६ | १०५३५२४३<br>अम्मा कुमारी गिरी<br>२-७४४/२३८ / ललितपुर<br>२०२६-०७-०१ / महिला<br>धन बहादुर गिरी<br>गंगा राम / बिष्णु कुमारी |  |
| १<br>२<br>३<br>४<br>५<br>६ | १४३७०२६४<br>अम्बीका श्रेष्ठ<br>२९४६/३६ / ललितपुर<br>२०३८-०८-०६ / महिला<br>नवीन कुमार श्रेष्ठ<br>नन्दकृण्ण / रुपा |  | १<br>२<br>३<br>४<br>५<br>६ | १०५३५५६२<br>अमन यादव<br>११२८ / जनकपुर<br>२०३३-०९-१० / पुरुष<br>भगबती यादव<br>नर विर / मैना |  |

### ४.२.२ मतदाता नामावलीको महत्व

(क) स्वतन्त्र र निष्पक्ष निर्वाचनका लागि एक व्यक्ति एक मतको अवधारणाको पालना र सही मतदाताले मतदान गर्न पाउने अधिकार सुनिश्चित गर्नु,

(ख) फोटोसहितको मतदाता नामावलीले मतदाताको पहिचान सहज र भरपर्दो बनाउँछ,

(ग) योग्य मतदाताको पहिचान गरी तयार गरिएको मतदाता नामावली नै निर्वाचन प्रक्रियालाई वैधानिकता दिने आधार हो,

(घ) सबै मतदाताहरूलाई लक्षित गरी निर्वाचन शिक्षा सञ्चालन गर्न,

(ङ) निर्वाचन व्यवस्थापनको योजना र यसको कार्यान्वयन गर्नका लागि पनि मतदाता नामावली अपरिहार्य छ ।

### ४.२.३ मतदाता दर्ता प्रणाली

हालसम्म विश्वमा तीन किसिमका मतदाता दर्ता प्रणाली रहेको पाइन्छ ।

(१) अस्थायी दर्ता (Temporary Registry) : कुनै एक निर्वाचनलाई मात्र मध्यनजर गरी तयार पारिने उदाहरणका लागि २०३७ सालको जनमत सङग्रहका लागि तयार गरिएको नामावली नै अस्थायी हो ।

(२) स्थायी दर्ता (Permanent Registry) :

(क) आवधिक दर्ता (Periodic Registry) : साविकको मतदाता नामावलीमा समय समयमा अद्यावधिक गरिने ।

(ख) निरन्तर दर्ता (Continuous) :

- मौजुदा मतदाता नामावलीमा योग्य मतदाताहरुको विवरण थपिदै लगिने तथा विवरण फेरिएका (बिवाह, बसाई सराई, मृत्यु आदि) मतदाता बारे निरन्तर अद्यावधिक गरिने,
- निर्वाचन कार्यालयका अधिकृतद्वारा नियमित व्यवस्थापन गरिने,
- आवश्यकता अनुसार योग्य मतदाताहरुको पूर्ण सूची तयार गरिने ।

(३) नागरिक दर्ता (Civil Registry) :

- सबै नागरिकको नाम, राष्ट्रियता, उमेर, लिङ्ग, वैवाहिक स्थिति तथा ठेगाना जस्ता आधारभूत विवरण खुलेको विवरण,
- राज्यद्वारा निर्वाचन लगायतका विभिन्न प्रशासनिक उद्देश्यका लागि तयार गरिने,
- नागरिकहरुले आ-आफ्ना विवरण अद्यावधिक गरी राख्नु पर्ने अनिवार्य कार्य गरिने ।

नेपालमा प्रचलनमा रहेको दर्ता प्रणाली स्थायी दर्ता अन्तर्गतको निरन्तर दर्ता हो । जिल्ला निर्वाचन कार्यालय र निर्वाचन आयोगले तोकेका विभिन्न स्थानहरुमा निरन्तर रुपमा मतदाता नामावली संकलन भईरहेको छ ।

### ४.२.४ कस्ता व्यक्तिलाई मतदाता भनिन्छ ?

नेपालको सन्दर्भमा मतदाता भन्नाले अन्तिम मतदाता नामावलीमा फोटो र व्यक्तिगत विवरणसहित दर्ता भएका व्यक्तिलाई जनाउँछ ।

मतदाता हुनका लागि देहायबमोजिमको योग्यता चाहिन्छ : -

*(क) नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको,*

*(ख) निर्वाचन कानुन बमोजिम मतदाता नामावलीमा नाम दर्ता गराई कानुनले तोके बमोजिमको मितिमा १८ वर्ष उमेर पुरा गरेको,*

*(ग) सम्बन्धित निर्वाचन क्षेत्रमा स्थायी रुपमा बसोबास भएको,*

### ४.२.५ मतदाता नामावलीमा नाम कहिले र कहाँ दर्ता गर्ने ?


**कहिले ?** फोटोसहितको मतदाता नामावली दर्ता कार्य सार्वजनिक विदाका दिन बाहेक वर्षभरि गरिन्छ । तर निर्वाचनको समयमा निर्वाचन व्यवस्थापनलाई मध्यनजर राखी दर्ता प्रक्रिया केहि समयका लागि वन्द गरिन्छ ।

**कहाँ ?** देशभरिका ७५ वटै जिल्लाका जिल्ला निर्वाचन कार्यालयमा निरन्तर रुपमा दर्ता कार्य चलिरहन्छ । समय समयमा जिल्ला प्रशासन कार्यालय, इलाका प्रशासन कार्याल्य तथा निर्वाचन आयोगले तोकेका अन्य स्थानहरूमा पनि दर्ता कार्य सञ्चालन गरिन्छ ।

दर्ता गराएको विवरण सहि भए/नभएको सुनिश्चित गर्न सम्बन्धित जिल्ला निर्वाचन कार्यालय वा निर्वाचन आयोगको वेभसाइटमा (www.election.gov.np) मा गई मतदाता नामावलीमा आफ्नो विवरण हेर्न सकिन्छ ।

### ४.२.६ मतदाता नामावलीमा नाम दर्ता गर्न के प्रमाण चाहिन्छ ?

मतदाता नामावलीमा नाम दर्ता गर्नका लागि नागरिकताको सक्कल प्रमाणपत्रसहित स्वयं उपस्थित हुनुपर्छ । यदि नागरिकताको प्रमाणपत्रमा भएको ठेगाना र हाल बसोबास गरिरहेको ठेगाना फरक परेमा हाल बसिआएको ठेगानाबाट नाम दर्ता गराउन देहायका प्रमाणहरू आवश्यक पर्दछन् :-






क) स्थानीय पञ्जिकाधिकारीले दिएको बसाई सराईको प्रमाणपत्र वा
ख) घर जग्गाको प्रमाणपत्र वा
ग) विवाह गरी आएको भए विवाह दर्ताको प्रमाणपत्र वा

घ) बसोबास गरेको जनिने अन्य कागजातहरू ।




### ४.२.७ नामावलीमा आफ्नो फोटो र विवरण सहि नभएमा के गर्ने ?

नामावलीमा रहेको विवरणमा सच्याउनु परेमा निर्वाचन आयोगले तोकेको ढाँचामा जिल्ला निर्वाचन कार्यालय अथवा वेभसाइटमार्फत् निवेदन दिनुपर्दछ । यस्तो निवेदनको आधारमा निर्वाचन आयोगले मतदाताको विवरण सच्याई अन्तिम नामावली प्रकाशन गर्नेछ ।

*विवरणमा कुनै हेरफेर गर्नु परेमा अनलाईन वा तोकिएको जिल्ला निर्वाचन कार्यालयमा तोकिएको समयावधि भित्र निवेदन दिनु पर्छ ।*


### ४.२.८ एउटा ठेगानामा कायम भएको मतदाता नामावलीलाई अर्को ठेगाना वा स्थानमा सार्नु परेमा के गर्ने ?

क) सम्बन्धित जिल्ला निर्वाचन कार्यालयमा गई निवेदन दिने ।

ख) निवेदनको फाराम सोही निर्वाचन कार्यालय उपलब्ध हुनेछ ।

ग) आफूले चाहेको जिल्लाको मतदाता नामावलीमा आफ्नो विवरण समावेश भए/नभएको यकिन गर्न सोही जिल्लाको जिल्ला निर्वाचन कार्यालयमा वा आयोगको website: www.election.gov.np मा सोधी/हेरी एकिन गर्नुपर्दछ ।

### ४.२.९ मतदाता परिचय पत्र




फोटो सहितको अन्तिम मतदाता नामावलीमा नाम प्रकाशन भएका मतदाताहरुको पहिचानका लागि निर्वाचन आयोगले अस्थायी मतदाता परिचय पत्र वितरण गर्ने व्यवस्था गरेको छ । निर्वाचन आयोगले तोकेको स्थान र समयमा गई सम्बन्धित मतदाताले आफ्नो परिचय पत्र लिनुपर्दछ । मतदानका दिन मतदाताले आफ्नो प्रमाणको रुपमा उक्त परिचय पत्रसँगै लिई मतदान केन्द्रमा जानु पर्दछ । मतदाताको पहिचान दर्शाउने यो परिचय पत्रलाई सुरक्षित राख्नु मतदाताको कर्तव्य हो ।

## ४.३ निर्वाचन/मतदाता शिक्षा कार्यक्रम सञ्चालन

निर्वाचनमा सबै क्षेत्र, वर्ग, लिङ्ग र समुदायका मतदाताहरु/ भावी मतदाताहरुको सचेतना अभिवृद्धि गरी निर्वाचन प्रक्रियामा उनीहरुको पँहुचलाई सहज र सरल बनाई स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र भयरहित वातावरणमा सम्पन्न गराउने नीति लिएको छ । यो नीति अनुसार निर्वाचन/मतदाता शिक्षा कार्यक्रम निरन्तर सञ्चालन हुन्छ । यसै नीति अनुसार निर्वाचन आयोग परिसरमा निर्वाचन शिक्षा तथा सूचना केन्द्र (Electoral Education and Information Centre-EEIC) को स्थापना भएको छ । यस केन्द्रबाट भावी मतदाता (Potential Voter) तथा अन्य सरोकारवालाहरुलाई लोकतन्त्र, संविधान र निर्वाचन प्रक्रियाका बारेमा सैद्धान्तिक तथा व्यवहारिक ज्ञान प्रदान गरिदै आएको छ । यस केन्द्रको प्रत्यक्ष भ्रमण गरी लाभ लिन नसक्ने शिक्षक, विद्यार्थी तथा अभिभावकहरुमा निर्वाचन शिक्षालाई व्यापक र समयानुकूल बनाउनका लागि विद्यालयस्तरमा विशेष गरी सामाजिक शिक्षा विषयक शिक्षकहरुलाई यो प्रशिक्षण विधि मार्फत निर्वाचन आयोगले निर्वाचन शिक्षाको विस्तार गर्न लागेको छ ।

निर्वाचन शिक्षा र सूचनाको क्षेत्रमा सम्वद्ध सबैले यस अन्तर्गत वारम्वार प्रयोगमा आउने देहायका विषय र तिनमा अन्तर्निहित कुराहरुबीच स्पष्ट हुन जरुरी छ ।

### ४.३.१ मतदाता सूचना/सचेतना (Voter Information)

कुनै पनि निर्वाचनको ठीक अगाडि योग्य मतदाताहरुलाई उक्त निर्वाचनका सम्बन्धमा गरिएका व्यवस्थाका बारेमा आधारभूत जानकारी प्रदान गर्न देहायका सूचनाहरुकाबारेमा मतदातालाई सुसूचित गरिन्छ :-

- मतको प्रयोग गर्न मतदातालाई आह्वान/आमन्त्रण,
- मतदान गर्ने स्थान, मिति र समयको जानकारी,
- कुन तहको कस्तो निर्वाचन हो सो बारे जानकारी,
- मतदाताको पहिचानका आधार र प्रमाणहरु बारे जानकारी,
- मतपत्रमा मतसङ्केत गर्ने तरिका,

- मतदाता नामावलीमा समावेश मतदाता क्रम सङ्ख्या, मतदाता परिचय पत्र
- मतपत्र, मतपेटिका, स्वस्तिक छाप आदि ।

### ४.३.२ मतदाता शिक्षा (Voter Education)

मतदातालाई मतदानको लागि तयारी अवस्थामा राख्न निर्वाचन व्यवस्थापन गर्ने निकाय वा उसको स्वीकृतिमा अन्य संस्थाद्वारा सञ्चालन गरिने शिक्षा नै मतदाता शिक्षा हो । मतदाता शिक्षाको माध्यमबाट मतदाताहरुलाई देहायका कुराहरुमा सुसूचित गर्ने प्रयास गरिन्छ :

- आधारभूत मानव अधिकार र मतदान अधिकारको सम्बन्ध,
- मतदाताको भूमिका, जिम्मेवारी र अधिकार,
- निर्वाचन र लोकतन्त्र बीचको अन्तरसम्बन्ध,
- लोकतान्त्रिक निर्वाचनका मान्यताहरु,
- मतको गोपनीयता,
- प्रत्येक मतको महत्व,
- मतलाई सीटमा रुपान्तरण गर्ने तरिका आदि ।



### ४.३.३ निर्वाचन शिक्षा (Electoral Education)

निर्वाचन शिक्षा मतदाता शिक्षा भन्दा व्यापक समूहहरुलाई समेटी सञ्चालन गरिन्छ । यसले योग्य मतदातालाई मात्रै लक्षित नगरी मतदान गर्न उमेर नपुगेका युवा जमात र विद्यालयका विद्यार्थीहरुको लागि विद्यालयस्तरमा समेत कार्यक्रमहरु सञ्चालन गर्दछ । यसमा निर्वाचनका प्रक्रियागत पक्ष र अवधारणात्मक पक्ष दुवैलाई समेटी सूचनाहरुको प्रवाह गरिन्छ ।

**(Voter Information+Voter Education = Electoral Education)**

यो एउटा निरन्तर सञ्चालन हुने क्रियाकलाप हो, जसको निर्वाचन आयोग र नागरिक समाजले अगुवाई गर्ने गर्दछन् ।

### ४.३.४ नागरिक शिक्षा (Civic Education)

नागरिक शिक्षा भन्नाले माथि उल्लेखित तीन किसिमकै शिक्षाका कुराहरू लगायत नागरिकका काम, कर्तव्य र अधिकार, सरकार, राजनीतिक/सामाजिक पक्ष, सञ्चार, आवधिक एवम् प्रतिस्पर्धी निर्वाचन आदि कुराहरु समेटी नागरिकलाई सुसूचित गराउने शिक्षा भन्ने बुझ्नु पर्छ । यसले नागरिकलाई सुसूचित मात्र नगराई सहभागिताका बारेमा समेत उत्प्रेरित गर्दछ । नागरिक शिक्षामा मूलतः तीन पक्षहरुको महत्व रहन्छ । जसमा नागरिकले थाहा पाउनु पर्ने कुरा, नागरिका मूल्य तथा मान्यता र नागरिकका व्यवहार पर्दछन् ।

नागरिक शिक्षा व्यापक र निरन्तर सञ्चालनमा रहने भएकाले सरकारले आफ्ना निकायहरु मार्फत् र नागरिक समाजसँग सहकार्य गरी सञ्चालनमा ल्याउँदछ ।

## ४.४ मतदान प्रक्रिया

मतदातालाई प्राप्त मताधिकार प्रयोग गर्न तोकिएको निश्चित स्थानलाई मतदान केन्द्र भनिन्छ । मतदान केन्द्र मतदातालाई यथाशक्य पायक पर्ने, सम्भव भएसम्म यातायात, सञ्चार, सुरक्षा जस्ता आधारभूत सुविधायुक्त कुनै विद्यालय, स्वास्थ्य चौकी, गा.वि.स. भवन जस्ता सार्वजनिक स्थानमा तोकिएको हुन्छ ।

मतदान केन्द्र निर्धारण गर्दा प्रत्येक गा.वि.स. र नगरपालिकाका प्रत्येक वडाका लागि एक/एक वटा मतदान केन्द्र तोकिएको हुन्छ । तर मतदाता सङ्ख्या, भौगोलिक अवस्थिति जस्ता कुरालाई ध्यानमा राखी एक गा.वि.स. वा एक नगरपालिकाको एउटै वडामा एकभन्दा बढी मतदान केन्द्र तोकिएको हुनसक्छ ।

**मतदान केन्द्र निर्माण**

- मतदान अधिकृतले मतदान केन्द्रको वरिपरी बढीमा एक सय मिटरसम्मको क्षेत्रलाई मतदान केन्द्रको क्षेत्र तोकेको हुन्छ ।
- मतदान केन्द्र सार्वजनिक भवन नभएमा खुला ठाउँमा पाल, त्रिपाल वा स्थानीयस्तरमा उपलब्ध हुने अन्य सामग्री प्रयोग गरी निर्माण गरिएको हुन्छ ।
- प्रवेशद्वारमा "भित्र" र निस्कने द्वारमा "बाहिर" लेखिएको कार्डबोर्ड टाँसिएको हुन्छ ।
- प्रवेशद्वारमा मतदाताको क्रमसङ्ख्या उल्लेख भएको कार्डबोर्ड र लाम लाग्ने ठाउँमा "महिला", "पुरुष" लेखिएको कार्डबोर्ड झुण्डयाइएको हुन्छ । मतदान अधिकृतले सजिलै देख्ने गरी मतपेटिका, स्वस्तिक छाप र छापदानी राख्ने व्यवस्था गर्नुपर्ने,
- मतसङ्केत गर्ने गोप्य कक्ष, स्वस्तिक छाप र छापदानी राख्ने स्थान नजिकै पर्नेगरी राख्ने व्यवस्था गर्ने,
- मतदान कक्ष बनाउँदा र मतपेटिका राख्दा होचो कदका मानिसको पहुँचलाई पनि ध्यानमा राखी व्यवस्था गर्नुपर्ने ।

**मतदान केन्द्रमा कर्मचारी व्यवस्था**

- मतदान केन्द्रलाई राम्रो रेखदेख गर्न सक्ने ठाउँमा मतदान अधिकृत बस्ने व्यवस्था मिलाउने,
- नाम रुजू गर्ने कर्मचारीसँगै महिला/पुरुष मतदाताको तथ्याङ्क भर्ने, औंलामा चिनो लगाउने स्वयंसेवक र मतपत्र दिने कर्मचारी बस्ने व्यवस्था मिलाउने,
- मतदान कर्मचारीका पछाडि मतदान प्रतिनिधि राख्नुपर्ने,
- पहिलो हुने निर्वाचित हुने निर्वाचनको मतपेटिकाको नजिकै समानुपातिक निर्वाचनको मतपत्र दिने कर्मचारी राख्ने,
- मतदान गर्न लामवद्ध मतदातामध्ये पुरुषको लाइन मिलाउन पुरुष स्वयंसेवक र महिला मतदाताको लाइन मिलाउन महिला स्वयंसेवक रहने व्यवस्था गर्ने,
- समानुपातिक निर्वाचन अन्तर्गतको मतपत्र दिने कर्मचारीको सामुन्नेमा सहायक मतदान अधिकृत र कार्यालय सहयोगी रहने व्यवस्था गर्ने ।

**स्वयंसेवकको नियुक्ति**

मतदान अधिकृतले मतदान केन्द्रमा देहायका कार्यमा सहयोग गर्नको लागि तोकेबमोजिमको सङ्ख्यामा स्वयंसेवक नियुक्त गर्न सक्नेछ :-

- महिला/पुरुष मतदाताको तथ्याङ्क फाराम भर्न,
- नङमा नउड्ने मसीको चिन्ह लगाउन (महिला),
- महिला/पुरुषको लाइन मिलाउन,
- थप सहायक कर्मचारीको रूपमा काम गर्न,
- थप कार्यालय सहयोगीको रूपमा काम गर्न ।

**सर्वदलीयरूसर्वपक्षीय बैठक**


- मतदान अधिकृत र सहायक मतदान अधिकृतले मतदान स्थलमा पुगेपछि राजनीतिक दल, उम्मेदवार र निजका प्रतिनिधि बोलाई मतदान कार्य सुचारु रूपले सञ्चालन गर्न सर्वपक्षीय बैठकको आयोजना गर्दछन् । उक्त बैठकमा स्थानीय स्तरका सुरक्षा निकायका प्रतिनिधि, पर्यवेक्षक समेतलाई आमन्त्रण गरी मतदान प्रक्रियाका बारेमा जानकारी दिनुका साथै मतदान कार्यलाई सफलतापूर्वक सम्पन्न गर्न र मतदान केन्द्रको सुरक्षा व्यवस्था मिलाउन आवश्यक छलफल गरिन्छ ।

**मतदान प्रतिनिधिको नियुक्ति**

- मतदान कार्यमा राजनीतिक दलको तर्फबाट मतदान केन्द्रमा गर्नुपर्ने काम गर्नको लागि राजनीतिक दल तथा उम्मेदवारको तर्फबाट मतदान प्रतिनिधि नियुक्ति गर्न सक्ने व्यवस्था रहेको छ । प्रत्येक राजनीतिक दल वा उम्मेदवारले प्रत्येक मतदान केन्द्रको लागि एकजना मतदान प्रतिनिधि नियुक्त गरी खटाउन सक्नेछन् । मतदान प्रतिनिधि सम्बन्धित निर्वाचन क्षेत्रको मतदाता हुनुपर्छ ।

## मतदान सञ्चालन एवं मतदान प्रक्रिया

### प्रक्रिया -१





सर्वप्रथम मतदान केन्द्रभित्र प्रवेश गर्दा प्रवेश द्वारको मुखमा नै मतदान केन्द्रमा खटिएका कर्मचारी रहेका हुन्छन् । तिनीहरूको ठीक पछाडि राजनीतिक दल र उम्मेदवारका मतदान प्रतिनिधि बसेका हुन्छन् । मतदान केन्द्रभित्र प्रवेश गर्ने मतदातालाई फोटोसहितको मतदाता नामावली रुजू गर्ने कर्मचारीले तपाईंको नाम के हो ? कुन वडामा बस्नुहुन्छ ? तपाईंको मतदाता क्रमसङ्ख्या कति हो ? जस्ता विवरण सोध्नेछन् । ती कर्मचारीहरुलाई मतदाता परिचय पत्र देखाउनु मतदातासँग प्रमाणपत्र देखाएपछि कर्मचारीले मतदातासँग आवश्यक कुरा सोधी नामावलीमा रहेको फोटो भिडाई वास्तविक मतदाता रहेछ भने मतदाता नामावलीमा रहेको मतदाताको नाम आगाडि √ चिन्ह लगाउनेछन् ।



### प्रक्रिया -२


मतदानमा सहभागी मतदातामध्ये कति महिला र कति पुरुष मतदाताले मतदान गरे भनी तथ्याङ्क सङ्कलनका लागि महिला/पुरुष तथ्याङ्क फाराम भर्ने स्वयंसेवक बसेका हुन्छन् । स्वयंसेवकले मतदातालाई हेरेर महिला वा पुरुष के हो भनी तथ्याङ्क फाराममा चिन्ह लगाउँछन् ।





### प्रक्रिया -३

मतदाताले मतदान गरे नगरेको भनी पत्ता लगाउन मतदाताको वायाँ हातको बूढी औंलामा नङ् र मासुको जोर्नीमा पर्नेगरी नउड्ने मसी लगाउने स्वयंसेवक बसेका हुन्छन् । निजले मतदाताको बूढी औंलामा नउड्ने मसी लगाउँछन् ।





**प्रक्रिया -४**

यहाँ मतदातालाई मतपत्र दिने कर्मचारी बसेका हुनेछन् । मतदातालाई मतपत्रको अर्धकट्टीमा सहीछाप गराई मतपत्र उपलब्ध गराइन्छ । ल्याप्चे मात्र लगाउने मतदाता रहेछ भने मतपत्र दिनु पूर्व कपडामा हात पुछ्न लगाउनुपर्छ । मतपत्र लिँदा मतदान अधिकृतको सहि भए नभएको एकिन गर्नुपर्छ ।

**प्रक्रिया -५**

मतदाताले प्राप्त गरेको हल्का निलो रङ्गको मतपत्रमा मतसङ्केत गर्नका लागि रवरको स्वस्तिक छाप र स्टाम्प प्याड राखेको टेवुल हुन्छ । मतदाताले टेवुलबाट स्वस्तिक छाप लिई स्टाम्प प्याडमा चोपेर गोप्य मतदान कक्षमा प्रवेश गर्नुपर्छ । मतदान कक्षमा आफूलाई मन परेको उम्मेदवारको निर्वाचन चिन्ह रहेको मतपत्रको कोठामा मतसङ्केत गरी मतपत्रलाई पटचाई स्वस्तिक छाप जहाँबाट लगेको हो त्यही स्थानमा ल्याएर राखी मतपत्रलाई मतपेटिकामा खसाल्नु पर्छ ।

**प्रक्रिया- ६**

हल्का निलो स्टिकर टाँसिएको मतपेटिकामा मतदान गरिसकेपछि मतदाता समानुपातिक निर्वाचन प्रणालीको मतदान गर्नको लागि मतपत्र दिने कर्मचारीको सामुन्ने जानुपर्छ । सो ठाउँबाट समानुपातिक निर्वाचन प्रणाली ९एचयउयचतष्यलबा च्भउचभकभलतबतष्यल(एच० को मतपत्रको अर्धकट्टीमा सहीछाप गराई मतदातालाई हल्का रातो रङ्गको मतपत्र दिनुपर्छ ।

**प्रक्रिया -७**

मतदाताले प्राप्त गरेको हल्का रातो रङ्गको मतपत्रमा मतसङ्केत गर्न स्वस्तिक छाप स्टाम्प प्याडमा चोपी मतदाता गोप्य मतदान कक्षमा प्रवेश गर्नु पर्छ । मतदान कक्षमा आफूलाई मन परेको राजनीतिक दलको निर्वाचन चिन्ह रहेको मतपत्रको कोठामा मतसङ्केत गरी मतपत्रलाई पट्याई स्वस्तिक छाप जहाँबाट लगेको हो त्यहीँ ल्याएर राखी मतपत्रलाई हल्का रातो रङ्गको स्टिकर टाँसिएको नं. २ लेखिएको मतपेटिकामा खसाल्नुपर्छ ।

यसरी एक मतदाताले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीको मतदान गरेपछि मतदान गर्ने चरण पूरा हुनेछ ।

## सम्झनु पर्ने मुख्य मुख्य बुँदा

- ☞ मतदातालाई मतदान गर्न तोकिएको निश्चित स्थानलाई मतदान केन्द्र भनिन्छ ।
- ☞ मतदान केन्द्र निर्धारण गर्दा मतदातालाई यथासक्य पायक पर्ने, सम्भव भएसम्म यातायात, सञ्चार, सुरक्षा जस्ता आधारभूत सुविधायुक्त कुनै विद्यालय, स्वास्थ्य चौकी, गा.वि.स. भवन जस्ता सार्वजनिक स्थानमा मतदान केन्द्र तोक्नु पर्छ ।
- ☞ मतदाता लाइनबाट मतदान गर्ने स्थलमा प्रवेश गर्ने विन्दु, मतदाताको सुरक्षाको लागि दोस्रो मतपत्र दिने र सहायक मतदान अधिकृतको बीचमा सुरक्षाकर्मी राख्नुपर्ने,
- ☞ मतदान केन्द्र निर्माणपश्चात् मतदान कार्यमा खटिएका सहायक कर्मचारी, स्वयंसेवक र सुरक्षाकर्मीलाई मतदानको दिन उनीहरूले निर्वाह गर्नुपर्ने भूमिका सम्बन्धमा मतदान अधिकृत र सहायक मतदान अधिकृतले प्रष्ट पार्नुपर्छ ।
- ☞ मतदान अधिकृतले मतदान केन्द्रमा मतदानसम्बन्धी कार्यमा सहयोग गर्नका लागि निर्वाचन स्वयंसेवकको नियुक्ति गर्नेछ ।
- ☞ सर्वप्रथम मतदान केन्द्रभित्र प्रवेश गर्दा प्रवेशद्वारको मुखमा नै मतदान केन्द्रमा खटिएका कर्मचारी रहेका हुन्छन् । तिनीहरूको ठीक पछाडिपट्टी राजनीतिक दलका प्रतिनिधि र उम्मेदवारका प्रतिनिधि बस्ने प्रवन्ध गर्नुपर्छ ।
- ☞ मतदान अधिकृत र सहायक मतदान अधिकृतले मतदान केन्द्र निर्माण गरिसकेपछि राजनीतिक दल, उम्मेदवार र निजका प्रतिनिधि बोलाई मतदान कार्य सुचारु रूपले सञ्चालन गर्न सर्वपक्षीय बैठकको आयोजना गर्नु पर्छ ।
- ☞ मतदान कार्यमा राजनीतिक दलको तर्फबाट मतदान केन्द्रमा गर्नुपर्ने काम गर्नको लागि राजनीतिक दल तथा उम्मेदवारको तर्फबाट मतदान प्रतिनिधि नियुक्ति गर्न सक्ने व्यवस्था छ ।

# सत्र : पाँच

# निर्वाचन व्यवस्थापन गर्ने निकाय तथा सम्बद्ध कानूनहरू

## ५.१ निर्वाचन व्यवस्थापन गर्ने निकाय

निर्वाचन कार्यक्रम विशिष्ट प्रकृतिको हुन्छ । यसको व्यवस्थापन नर्वाचन सम्बन्धी विशिष्ट जिम्मेवारी भएको व्यवसायिक निकायबाट गर्न उपयुक्त हुन्छ । ती निकायहरू स्थायी वा अस्थायी एवम् केन्द्रीकृत अथवा विकेन्द्रीकृत प्रकृतिका हुन सक्छन् । हरेक संरचनाका आ–आफ्नै फाइदा र बेफाइदा छन् । त्यसैले निर्वाचन व्यवस्थापन गर्ने निकायको निर्धारण गर्दा मुलुकको वस्तुस्थितिलाई लेखाजोखा गरी गरिनु व्यवहारिक हुन्छ ।

विश्वका विभिन्न मुलुकमा निर्वाचनलाई व्यवस्थापन गर्ने निकायहरूका विभिन्न पद्धति (मोडल) पाउन सकिन्छ । जुनसुकै पद्धति प्रयोग भए पनि निर्वाचन व्यवस्थापन गर्ने सबै निकायले निर्वाचनसम्बन्धी तल दिए बमोजिमका निर्देशक सिद्धान्तहरूको पालना गर्नुपर्छ :-

निर्वाचन व्यवस्थापन गर्ने निकाय (EMB) ले पालना गर्नुपर्ने निर्देशित सिद्धान्तः

क) स्वतन्त्रता (Independent)
ख) निष्पक्षता (Impartiality)
ग) निष्ठा (Integrity)
घ) पारदर्शिता (Transparency)
ङ) प्रभावकारिता (Effectiveness)
च) व्यावसायिकता (Professionalism)
छ) सेवामूखीपन (Service Mindedness)

निर्वाचन व्यवस्थापन गर्ने निकाय (EMB) देहायका केही अथवा सबै तत्वहरूको व्यवस्थापन गर्ने उद्देश्यका साथ गठन भएका हुन्छन् :-

क) मतदान गर्न को योग्य छ ? भनी निर्धारण गर्ने,
ख) निवार्चनका लागि राजनीतिक दल वा उम्मेद्वारहरूको मनोयन प्राप्त गर्न तथा निर्धारण गर्ने,
ग) दल दर्ता गर्ने,
घ) मतदान कार्य सञ्चालन गर्ने,
ङ) मतगणना गरी परिणाम घोषणा गर्ने ।



विश्वमा निर्वाचन व्यवस्थापन गर्ने निकायका तीन वटा पद्धतिहरू प्रचलनमा छन् :-

### (क) स्वतन्त्र र स्वायत्त पद्धति

निर्वाचन व्यवस्थापनको स्वतन्त्र पद्धतिको एक प्रमुख विशेषता भनेको संस्थागतरुपमा सरकारी नियन्त्रणबाट स्वतन्त्र हुनु हो । यो पद्धति लागू भएको देशहरूमा निर्वाचन आयोग कार्यकारिणी निकायबाट स्वतन्त्र र स्वायत्त हुन्छन् । आफ्नो काम कारवाहीको लागि संसदप्रति जिम्मेवार हुन्छन् । उदाहरणका लागि भारत, मेक्सिको, दक्षिण अफ्रिका, नेपाललाई लिन सकिन्छ ।

### (ख) सरकारी पद्धति

सरकारी पद्धतिमा सरकार अन्तर्गत रहेको निकायले निर्वाचन व्यवस्थापन गरेको पाइन्छ । निर्वाचन व्यवस्थापन निकाय आफ्नो काम कारवाहीको लागि सोही सरकारी निकायप्रति जिम्मेवार हुन्छन् । प्रजातान्त्रिक शासन पद्धति स्थापना भइसकेको सरकार र खासगरी कर्मचारीतन्त्रको तटस्थता प्रति जनताको विश्वास भएका देशहरूमा यस्तो पद्धति रहेको पाइन्छ । जस्तै; जर्मनी, स्वीडेन र नर्वे । तर यस्ता देशहरू पनि स्वतन्त्र निकायतर्फ आकर्षित हुँदै गएका छन् ।

### (ग) मिश्रित पद्धति

मिश्रित पद्धति स्वभावैले दुई पद्धतिको समिश्रणबाट निर्धारण भएको निर्वाचन व्यवस्थापन निकाय (EMB) हो । जसअन्तर्गत नीतिगत अनुगमनकारी अधिकार भएको स्वतन्त्र निकाय तथा निर्वाचन प्रक्रिया कार्यान्वयन गर्ने जिम्मेवारी लिएको सरकारी निकायको संलग्नता रहने गर्दछ । उदाहरणका लागि स्पेन, कोस्टारिका, अर्जेन्टिना, फ्रान्स, जापान आदि पर्दछन् ।

उल्लेखित जुनसुकै पद्धति प्रयोग भए पनि हरेक निर्वाचन व्यवस्थापन गर्ने निकायले आफूले जिम्मेवारी लिएका प्रक्रियाहरूको औचित्य तथा वैधानिकताबारे सुनिश्चित गर्न सक्ने कुरा यकिन गर्नुपर्छ । उक्त कुरा तब मात्र संभव हुन्छ जब यसका माथि उल्लेखित सिद्धान्तहरूको जगमा टेकिन्छ ।


## ५.२ नेपालमा निर्वाचन व्यवस्थापन गर्ने निकाय :

नेपालमा निर्वाचन व्यवस्थापन गर्ने निकाय निर्वाचन आयोग हो । नेपालको संविधानको भाग २४, धारा २४५ मा निर्वाचन आयोग रहने संवैधानिक व्यवस्था छ । संविधान अनुसार नेपालको निर्वाचन आयोग स्वतन्त्र संवैधानिक निकाय हो । निर्वाचन आयोगमा प्रमुख निर्वाचन आयुक्त र अन्य ४ जना आयुक्त रहने व्यवस्था गरिएको छ । प्रमुख निर्वाचन आयुक्तले आयोगको अध्यक्ष भई काम गर्ने व्यवस्था समेत रहेको छ ।

निर्वाचन आयोगले यस संविधान र संघीय कानूनको अधीनमा रही राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसदका सदस्य, प्रदेश सभाका सदस्य, स्थानीय तहका सदस्यको निर्वाचनको संचालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्नेछ । निर्वाचनको प्रयोजनका लागि मतदाताको नामावली तयार गर्ने कार्य निर्वाचन आयोगले गर्नेछ ।

उक्त कार्य सम्पादन गर्नका लागि देहाय बमोजिम सङगठनात्मक व्यवस्था गरिएको छ ।

### ५.२.१ निर्वाचन आयोगको काम, कर्तव्य र अधिकार



नेपालको संविधान को धारा २४६ अनुसार निर्वाचन आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम छन् :-

(१) निर्वाचन आयोगले यस संविधान र संघीय कानूनको अधीनमा रही राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसदका सदस्य, प्रदेश सभाका सदस्य, स्थानीय तहका सदस्यको निर्वाचनको संचालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्नेछ । निर्वाचनको प्रयोजनका लागि मतदाताको नामावली तयार गर्ने कार्य निर्वाचन आयोगले गर्नेछ ।

(२) निर्वाचन आयोगले यस संविधान र संघीय कानून बमोजिम राष्ट्रिय महत्वको विषयमा जनमत संग्रह गराउनेछ ।

(३) राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसदका सदस्य, प्रदेश सभा सदस्य वा स्थानीय तहका सदस्यका लागि उम्मेदवारीको मनोनयन दर्ता भइसकेको तर निर्वाचन परिणाम घोषणा भई नसकेको अवस्थामा कुनै उम्मेदवारको योग्यता सम्बन्धमा कुनै प्रश्न उठेमा त्यसको निर्णय निर्वाचन आयोगले गर्नेछ ।

(४) निर्वाचन आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार प्रमुख निर्वाचन आयुक्त, कुनै निर्वाचन आयुक्त वा सरकारी कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

(५) निर्वाचन आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि संघीय कानून बमोजिम हुनेछ ।

### ५.२.२ निर्वाचन आयोगले सम्पादन गर्ने अन्य कार्यहरू

- मतदाता नामावली दर्ता र अद्यावधिक गर्ने,
- निर्वाचनसम्बन्धी कानुनको मस्यौदा गर्ने,
- सरोकारवालाहरूसँग नियमित अन्तरक्रिया गर्ने,
- मतदाता शिक्षा सञ्चालन गर्ने,
- मतदान केन्द्र निर्धारण गर्ने,
- कर्मचारीहरूको क्षमता एवम् व्यवसायिक दक्षता अभिवृद्धि गर्ने,
- स्वदेशी एवम् विदेशी निर्वाचन पर्यवेक्षकहरूलाई अनुमती दिने,
- मतदान तथा मतगणना कार्य सञ्चालन गर्ने,
- आवश्यकता अनुसार नेपाल सरकारको कुनैपनि निकायको सहयोग लिने,
- आवश्यकताअनुसार निर्वाचनको सिलसिलामा विशेषज्ञ सेवा लिने,
- विशेष परिस्थितिमा निर्वाचन रद्द गर्ने र उम्मेदवारको अयोग्यतासम्बन्धी निर्णय गर्ने ।

### ५.२.३ जिल्ला निर्वाचन कार्यालयको कार्यक्षेत्र र अधिकार

- मतदाता नामावली सङकलन, दर्ता र रुजु गरी अद्यावधिक गर्ने,
- मतदाता परिचयपत्रसम्बन्धी तोकिएका कार्यहरू गर्ने गराउने,
- निर्वाचन सामग्रीहरूको अभिलेख राख्ने, भण्डार तथा मर्मत संभारको व्यवस्था गर्ने,
- जिल्लास्तरमा तोकिएका निर्वाचन प्रचार प्रसारसम्बन्धी कामहरू गर्ने,

- कार्यालयको दैनिक प्रशासन तथा लेखासम्बन्धी कार्यहरू गर्ने,
- आयोगले तोकेबमोजिमको विवरणसहित मतदान केन्द्र, उपकेन्द्रको लगत राख्ने,
- जिल्लास्तरमा निर्वाचनसम्बन्धी गोष्ठी, प्रशिक्षण, प्रचार प्रसार कार्यहरूको व्यवस्था मिलाउने,
- निर्वाचन आयोगको जिल्लास्तर कार्यालयको रुपमा समय समयमा निर्देशित अन्य कार्यहरू गर्ने ।

## ५.३ निर्वाचन सम्बन्धी कानुनहरू

### ५.३.१ निर्वाचनसम्बन्धी कानुनी संरचना :

सामान्यतया निर्वाचनको लागि कानुनी संरचना भन्ने शब्दावलीले यस अन्तर्गतका महत्वपूर्ण कानुनी सामग्री कागजात आदिलाई बुझाउँछ। मूलतः निर्वाचनका लागि कानुनी संरचनाअन्तर्गत निम्न कुराहरू पर्दछन् :-

(क) अन्तर्राष्ट्रिय कानुन/सम्झौता आदि,


(ख) निर्वाचनसम्बद्ध संवैधानिक प्रावधानहरू,

(ग) व्यवस्थापिकाले पारित गरेका निर्वाचनसम्बन्धी कानुन तथा निर्वाचनलाई प्रभावित पार्ने अन्य सबै कानुनहरू,


(घ) निर्वाचनसम्बन्धी कानुन तथा सरकारले निर्माण गरेका अन्य महत्वपूर्ण कानुनहरूसँग सम्बद्ध सबै नियमावलीहरू,

(ङ) निर्वाचनसम्बन्धी कानुन तथा निर्वाचन व्यवस्थापनसम्बन्धी जिम्मेवार निकायले जारी गरेका नियमावलीसँग सम्बन्धित महत्वपूर्ण निर्देशिकाहरू, निर्देशनहरू र सम्बन्धित आचारसंहिताहरू।

### ५.३.२ निर्वाचन कानुन संरचनाको विभिन्न तह



### ५.३.३ कानुन निर्माण प्रक्रियाको तालिका




### ५.३.४ नेपालमा निर्वाचनसम्बन्धी कानुनी संरचना

(क) **नेपालको संविधान**

(ख) **निर्वाचन सम्वन्धी ऐनहरु**

१. निर्वाचन आयोग ऐन, २०६३

२. निर्वाचन (कसुर र सजाय) ऐन, २०६३

३. मतदाता नामावलीसम्बन्धी ऐन, २०६३

४. संविधान सभा सदस्य निर्वाचन ऐन, २०७०

५. संविधानसभा अदालत ऐन, २०६४

६. राजनीतिक दलसम्बन्धी ऐन, २०५८

७. दल त्याग ऐन, २०५४

८. स्थानीय निकाय (निर्वाचन कार्यविधि) ऐन, २०४८

**(ग) निर्वाचन सम्वन्धी नियमावलीहरु**

१. मतदाता नामावलीसम्बन्धी नियमावली, २०६८

२. संविधानसभा सदस्य निर्वाचन नियमावली, २०७०

३. राजनैतिक दल दर्ता (निर्वाचन प्रयोजन) नियमावली, २०६३

४. अस्थायी मतदाता नामावलीसम्बन्धी नियमावली, २०७०

**(घ) निर्वाचनसम्बन्धी नीतिहरु**

१. मतदाता शिक्षा नीति, २०७०

२. निर्वाचन आयोगको सञ्चार नीति, २०७०

३. निर्वाचन पर्यवेक्षण नीति, २०७०

४. निर्वाचन आयोगको तालिम नीति, २०७०

५. लैङ्गिक तथा समावेशीकरण नीति, २०७०

**(ङ) निर्वाचनसम्बन्धी निर्देशिका तथा कार्यविधिहरु**

१. संविधानसभा सदस्य निर्वाचन निर्देशिका, २०७०

२. मतदाता शिक्षा कार्यक्रम कायान्वयन निर्देशिका, २०७०

३. संविधानसभा सदस्य निर्वाचन (आर्थिक) निर्देशिका, २०७०

४. संविधानसभा सदस्य निर्वाचन (जनशक्ति व्यवस्थापन) निर्देशिका, २०७०

५. सञ्चार माध्यम अनुगमन निर्देशिका, २०७०

६. संविधानसभा सदस्य निर्वाचन सामग्री व्यवस्थापन निर्देशिका, २०७०

७. मिडिया सेन्टर सञ्चाल तथा व्यवस्थापन निर्देशिका, २०७०

८. तालिम व्यवस्थापन तथा सञ्चालन निर्देशिका, २०७०

९. संविधानसभा सदस्य निर्वाचन मतगणना निर्देशिका, २०७०

१०. संविधानसभा सदस्य निर्वाचन पर्यवेक्षण निर्देशिका, २०७०

११. निर्वाचन विवाद निरुपण निर्देशिका, २०७०

१२. संविधानसभा सदस्य निर्वाचन (समानुपातिक निर्वाचन प्रणाली अर्न्तगतको उम्मेदवारी सम्बन्धी) निर्देशिका, २०७०

१३. समानुपातिक निर्वाचन प्रणाली उम्मेदवारको मनोनयन तथा छनौट प्रक्रियासम्बन्धी कार्यविधि, २०७०

**च) आचारसंहिता**

१. निर्वाचन आचार संहिता, २०७२

२. राष्ट्रिय पर्यवेक्षकहरुका लागि संविधानसभा सदस्य निर्वाचन पर्यवेक्षण आचार संहिता, २०७०

# सत्र : छ

# निर्वाचनका सरोकारवालाहरू र निर्वाचन प्रक्रियामा शिक्षकको भूमिका

## ६.१ निर्वाचनका सरोकारवालाहरू को हुन् ?

निर्वाचनका सरोकारवालाहरू भनेका निर्वाचनसम्बन्धी कार्यमा संलग्न हुने 'सरोकार' राख्ने व्यक्ति, समूह तथा संघसंस्थाहरू नै हुन् । सरोकारवालाहरूसँग गरिने उचित तथा खुला संवादले निर्वाचन प्रक्रियाका साथै निर्वाचन व्यवस्थापनसम्बन्धी निकायप्रति पनि विश्वास बढाउन सकिन्छ ।

निर्वाचनका सरोकारवालाहरू देहायका व्यक्ति, समूह वा संस्था हुन सक्छन् :

(क) राजनीतिक दल तथा उम्मेदवार,

(ख) मतदाताहरू तथा सम्भावित मतदाता,

(ग) निर्वाचन व्यवस्थापनसम्बन्धी निकायका कर्मचारी,

(घ) सरकारका सम्बद्ध मन्त्रालय/विभाग,

(ङ) सुरक्षा निकाय,

(च) व्यवस्थापिका संसद,

(छ) निर्वाचनसम्बन्धी विवाद निरूपण गर्ने निकाय,

(ज) न्यायिक अंग,

(झ) निर्वाचन व्यवस्थापनकर्ता तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षक,

(ञ) शैक्षिक संस्था,

(ट) सञ्चार माध्यमहरू,

(ठ) नागरिक समाज,

(ड) निर्वाचनमा सहयोग गर्ने निकायहरू;

(ढ) दातृ निकायहरू

(ण) शिक्षक,

(ट) विद्यार्थी ।

## ६.२ निर्वाचन व्यवस्थापनमा सरोकारवालाहरूको भूमिका

- राजनीतिक दल, उम्मेदवार तथा मतदाता निर्वाचनका प्रमुख तथा मुख्य सरोकारवालाहरू हुन् । स्वतन्त्र, निष्पक्ष र विश्वसनीय निर्वाचन सम्पन्न गर्न यिनीहरुको महत्वपूर्ण भूमिका हुन्छ । राजनीतिक दल, उम्मेदवार तथा मतदाताले निर्वाचन प्रक्रियाका हरेक चरणहरुमा आ-आफ्ना तर्फबाट खेल्नु पर्ने भूमिकाप्रति सचेत हुनु पर्दछ । निर्वाचन आयोगले आफ्ना नीति तथा कार्यक्रमकाको तर्जुमा तथा कार्यान्वयन गर्दा यी सरोकारवालाहरुबाट राय, सल्लाह तथा सुझावको अपेक्षा गर्दछ ।

- निर्वाचनमा मतदाताहरुको प्रमुख तथा महत्वपूर्ण दायित्व भनेको मतदाता नामावलीमा नाम दर्ता गराउने र मतदानमा भाग लिने हो । यसका अतिरिक्त आफ्ना परिवार, छरछिमेक तथा गाँउ टोलका अन्य मतदाता तथा सम्भावित मतदाताहरुलाई निर्वाचनका विषयमा सुसूचित गरी उत्प्रेरित गराउन सहयोगीको भूमिका रहन्छ ।

- निर्वाचनको मिति घोषणा, बजेट व्यवस्थापन, सुरक्षा ब्यवस्थापन, जनशक्ति ब्यवस्थापन जस्ता कार्यहरुमा सरकार र अर्न्तगतका निकायहरुको महत्वपूर्ण भूमिका रहन्छ ।

- निर्वाचनसम्बन्धी विवाद निरुपण गर्ने निकायसँग निर्वाचन आयोगले गरेका निर्णय उपर दिइने चुनौतीहरू, निर्वाचनसम्बन्धी विवादहरू, निर्वाचन कानुनको अन्तरवस्तुको वैधानिकता अथवा निर्वाचन परिणामलाई दिइने चुनौतीजस्ता विषयहरू सामना गर्ने शक्ति हुन्छ । तिनका निर्णयहरूले निर्वाचन आयोगका क्रियाकलापका साथै त्यसप्रतिको सार्वजनिक अवधारणा (बुझाई) लाई निकै प्रभावित गर्न सक्छ ।

- निर्वाचन व्यवस्थापनसम्बन्धी निकाय, यसका सदस्य अथवा कर्मचारीहरूले न्यायिक अनुसन्धान अथवा नागरिक मुद्दा लड्नु पर्ने हुन सक्छ भने यसका प्रशासनिक नीति तथा अभ्यासहरूलाई अदालतमा चुनौती दिन सकिन्छ । निर्वाचनसम्बन्धी विवाद निरूपण गर्ने निकायहरूसँगको सम्बन्ध जस्तै अन्य न्यायिक निकायसँगको व्यवहारमा पनि निकट तथा सहयोगी हुनु अत्यन्तै आवश्यक छ ।

- निर्वाचन प्रक्रियामा अनुगमनकर्ता तथा पर्यवेक्षक दुवै पक्षहरुको महत्वपूर्ण भूमिका हुन्छ । निर्वाचन अनुगमनकर्ताले निर्वाचन प्रक्रिया अवलोकन गरी त्यसका कमी कमजोरीलाई तत्काल सुधार गर्न सुझाव दिन सक्छन् भने राष्ट्रिय एवं अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षकहरूले निर्वाचन प्रक्रियाको अवलोकन गरी आफूले देखेका राम्रा पक्ष तथा सुधार गर्नुपर्ने कुराहरुको रिपोर्ट गर्नुपर्ने हुन्छ ।

- छापा तथा विद्युतीय सार्वजनिक एंव निजी सञ्चार माध्यमले मतदातालाई मतदाता शिक्षा सम्बन्धी सन्देश तथा निर्वाचनका प्रक्रिया बारे सूचित गर्ने तथा मतदाताहरूलाई लोकतन्त्र र निर्वाचन बारे सूसूचित गर्ने महत्वपूर्ण सरोकारवाला हुन् ।

- राष्ट्रिय हित, महिला सशक्तीकरण, कानुनी सुधार, मानवअधिकार, नागरिक शिक्षा, शासन तथा अपाङ्गतासम्बन्धी काम गरिरहेका वा नागरिक समाज संघसंस्थाहरूले निर्वाचन प्रक्रियाका बारेमा प्रत्यक्ष सल्लाह, सुझाब प्रदान गरी निर्वाचनका साझेदारका रूपमा भूमिका निर्वाह गर्नुपर्ने हुन्छ ।

- विश्वभरी नै लोकतन्त्र तथा निर्वाचनसम्बन्धी सहयोग प्रदान गर्ने कार्यमा दातृ निकायले खेलेको प्रमुख भूमिकाले गर्दा तिनलाई निर्वाचन व्यवस्थापन निकायको अपरिहार्य साझेदारको रुपमा चित्रण गरिन्छ ।

- शैक्षिक संस्थाहरुले शिक्षाको माध्यमबाट निर्वाचन शिक्षालाई व्यापक एवं विस्तार गरी निर्वाचनका विषयमा मतदाता तथा भावी मतदाताहरुको ज्ञान, चेतना तथा ज्ञान अभिवृद्धि गरी उनीहरुमा उत्प्रेरणा जगाउने कार्यमा महत्वपूर्ण योगदान गर्न सक्नेछन् ।

## ६.३ निर्वाचन प्रक्रियामा शिक्षकको भूमिका

**उपादेयता :**

निर्वाचन आयोग नेपालको रणनीतिक योजना, २०६५ ले ९५ प्रतिशत मतदातालाई मतदाता शिक्षाको माध्यमबाट निर्वाचन प्रक्रियाका बारेमा सुसूचित गराउने लक्ष्य लिएको छ । यस लक्ष्य प्राप्तिका लागि निर्वाचन आयोगले मतदाता भूमिका शिक्षका विभिन्न माध्यमहरुको उपयोगको अलावा माध्यमिक विद्यालयका सामाजिक शिक्षकहरुमार्फत् निर्वाचन शिक्षाको अभियानलाई व्यापक बनाउन कार्यक्रम स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ ।

यस अभियानलाई शिक्षकहरुको माध्यमबाट विद्यालय स्तरमा लैजानुको अर्थ एकातर्फ भावी मतदाताको रुपमा रहेका विद्यार्थीहरु निर्वाचन प्रक्रियाका बारेमा सुसूचित भई निर्वाचनका लागि योग्य मतदाताका रुपमा तयार हुनेछन् भने अर्कोतर्फ उनीहरुकै माध्यमबाट आफ्ना घरपरिवार, छरछिमेक तथा समुदायसमेत लाभान्वित हुने अपेक्षा गरिएको छ ।

**निर्वाचन आयोगले विद्यालयका शिक्षकबाट अपेक्षा गरेको भूमिका:**

(क) लोकतन्त्र र सुशासनको प्रस्थान विन्दु निर्वाचन हो भन्ने तथ्यलाई आत्मसात गर्दै यो विषयवस्तुलाई पुष्टि गर्ने गरी निर्वाचन प्रक्रियाका बारेमा प्रभावकारी रुपमा अध्यापन गराउने ।

(ख) विद्यालयका शिक्षक, कर्मचारी तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारी समेतलाई निर्वाचन विषयका बारेमा समय समयमा छलफल तथा अन्तरक्रिया गरी निर्वाचन शिक्षालाई विस्तार गर्ने ।

(ग) विद्यार्थी तथा अभिभावकहरुलाई निर्वाचन प्रक्रियामा बढीभन्दा बढी सहभागी गराउन उत्प्रेरणा जगाउने ।

(घ) मतदान प्रक्रियाका बारेमा आफ्नो विद्यालय तथा समुदाय स्तरमा प्रचार प्रसार गर्ने ।

(ङ) विद्यार्थीहरु मार्फत घर, परिवार र समाजमा निर्वाचनसँग सम्बन्धित सूचना प्रवाह गर्ने ।

(च) निर्वाचनको समयमा आयोगले प्रदान गरेको भूमिका प्रभावकारी रुपले निर्वाह गर्ने ।

(छ) निर्वाचनसँग सम्बन्धित विषयवस्तुमा अद्यावधिक हुन समय समयमा निर्वाचन आयोगको निर्वाचन शिक्षा तथा सूचना केन्द्र वा सम्बन्धित जिल्ला निर्वाचन कार्यालयमा सम्पर्कमा रहने ।

(ज) विद्यालयको वार्षिक कार्ययोजनामा निर्वाचन आयोगमा रहेको निर्वाचन शिक्षा तथा सूचना केन्द्रको भ्रमण सम्बन्धी कार्यक्रम राख्न पहल गर्ने ।

**निर्वाचन आयोगले विद्यार्थीहरुबाट अपेक्षा गरेको भूमिका :**

(क) निष्पक्ष तथा स्वतन्त्र निर्वाचन प्रक्रियाको महत्वलाई आत्मसात गरेर यस प्रक्रियामा सकारात्मक र सक्रिय भूमिका निर्वाह गर्ने ।

(ख) निर्वाचनका सन्दर्भमा विद्यालयस्तरमा हासिल गरेको शिक्षालाई आफ्नो घर परिवार र छरछिमेकमा जानकारी गराउने ।

(ग) निर्वाचनको समयमा निर्वाचन आयोगले जारी गर्ने आचार संहिता अनुसार कुनैपनि राजनीतिक दलको प्रचार प्रसारमा बालबालिकालाई संलग्न गराउन नहुने प्रावधान वारे सुसुचित भई तद् अनुसारको भूमिका निर्वाह गर्ने ।

# सत्र : सात

# निर्वाचन शिक्षा तथा सूचना केन्द्रको भ्रमण

लघु सङ्ग्रहालय (Mini Museum)



लघु सिनेमा कक्ष (Mini Theatre )



अन्तरक्रियात्मक कक्ष (Interactive Area)




नमूना मतदान कक्ष (Mock Polling Area)



# मतदान सम्बन्धी जानकारी

***मतदान किन गर्ने ?***

- ✓ *लोकतन्त्रमा नागरिकले शासन व्यवस्थामा सहभागी हुने पहिलो पाइला भनेको मतदानमा सहभागी हुनु हो ।*
- ✓ *मतदान गरेर हामीले आफूलाई मन परेको राजनीतिक दल वा उम्मेदवारलाई छनौट गर्न सक्छौं । त्यस्तै, हामीले चित्त नबुझेको राजनीतिक दल वा उम्मेदवारलाई पराजित पनि गर्न सक्छौं ।*
- ✓ *हामीले मतदान गरेनौं भने हामी राज्य सञ्चालनप्रति जिम्मेवार नभएको देखिन्छ ।*
- ✓ *निर्वाचनमा एक मत नै निर्णायक हुन सक्छ । तसर्थ, मतदाताले मत हालेमा आफूले चाहे अनुरूपको उम्मेदवारले जित्न सक्छन् ।*

### ७.१ मतदान गर्न कहाँ जानु पर्छ ?

मतदान हुने दिनमा मतदान गर्ने समय भित्रै आफ्नो नाम दर्ता भएको मतदान केन्द्रमा जानु पर्दछ ।

### ७.२ के जुनसुकै मतदान केन्द्रमा मतदान गर्न पाइन्छ ?

तोकिएको मतदान केन्द्र (आफ्नो नाम मतदाता नामावलीमा एकिन गरी) गई मतदान गर्नु पर्दछ ।

### ७.३ मतदान केन्द्रमा गएर कसरी मतदान गर्ने ?

(क) मतदान गर्न निर्वाचन आयोगले तोकेको समयभित्र मतदान केन्द्रमा पुग्नु पर्दछ ।

(ख) मतदान गर्न मतदाता परिचय पत्र  वा आयोगले तोकेको अन्य प्रमाण साथमा लानु पर्दछ।

(ग) मतदान केन्द्रमा पुगेपछि महिला भए महिला र पुरूष भए पुरूषको आ-आफ्नो लाइनमा उभिनु पर्दछ ।

(घ) मतदाता नामावली रुजु गर्ने कर्मचारीलाई आफ्नो परिचय पत्र देखाउने, नाम रूजु गराउने, औंलामा मसी लगाउन दिने र मतपत्र बुझिलिने काम मतदाताको हुन्छ ।

(ङ) मतपत्रमा मतदान अधिकृतको हस्ताक्षर भएको एकिन गर्नुपर्छ ।

(च) गोप्य कोठामा गएर मतपत्रमा आफूलाई चाहेको दल वा उम्मेदवारको चिन्ह भएको कोठामा स्वस्तिक छाप लगाउने, मतपत्रलाई पट्याई मत पेटिकामा खसाल्ने र तोकिएको मार्गबाट बाहिर निस्कने गर्नुपर्छ ।

## ७.४ मतपत्रमा छाप कसरी लगाउने ?


क) मतपत्रमा स्वस्तिक छाप लगाउनु पर्दछ । औंठाको छाप वा अन्य किसिमको सङ्केतहरू गर्नु हुँदैन ।

ख) स्वस्तिक छाप लगाउँदा आफूले चाहेको दल वा उम्मेदवारको निर्वाचन चिन्ह भएको कोठा भित्र स्पष्ट रूपमा देखिने गरी, र अन्य चिन्हमा नपर्ने गरी छाप लगाउनु पर्दछ ।



## ७.५ मतदान गर्दा हुनसक्ने सम्भाव्य त्रुटीका नमूनाहरू

**यसरी छाप लगाएमा मतपत्र बदर हुन्छ**



कोठाबाहिर छाप लगाएमा | दुइओटा चिन्हका बीचमा छाप लगाएमा | स्वस्तिक छापको सट्टा औंठाछाप वा अन्य छाप वा सङ्केत प्रयोग गरेमा | एउटा मतपत्रमा एकभन्दा बढी चिन्हमा छाप लगाएमा | सङ्केतचिन्ह नबुझिने गरी छाप लगाएमा | मतदान अधिकृतको सही नभएको मतपत्र प्रयोग गरेमा

***मतदान गर्दा राम्ररी ध्यान नदिए हाम्रो अमूल्य मत बदर हुन सक्छ***

**देहाय बमोजिमको अवस्थामा मत बदर हुन्छ : -**

(क) मतपत्रमा मतदान अधिकृतको सहीछाप नभएमा,

(ख) मतपत्रमा स्वस्तिक छाप नलगाई अरू कुनै छाप वा चिन्ह लगाइएमा,

(ग) स्वस्तिक छाप नबुझिने गरी लगाइएमा,

(घ) उम्मेदवारको निर्वाचन चिन्ह रहेको कोठामा बाहेक अन्यत्र छाप लगाइएमा,

(ङ) मतदान अधिकृतलाई मतपत्र फिर्ता दिइएमा,

(च) कुन उम्मेदवारको लागि मत दिइएको हो सो छुट्याउन नसक्ने गरी छाप लगाइएमा,

(छ) चाहिने भन्दा बढी कोठाहरूमा मत सङकेत गरिएमा,

(ज) निर्वाचन आयोगले जारी गरेको मतपत्र बाहेक अन्य मतपत्र प्रयोग भएमा,

(झ) सम्बन्धित निर्वाचन क्षेत्रका लागि प्रयोग गर्नुपर्ने मतपत्र अन्य निर्वाचन क्षेत्रमा प्रयोग भएमा,

(ञ) जाली मतपत्र, मतपत्र भित्र कागज वा अन्य कुनै वस्तु राखेमा ।

## ७.६ वृद्धवृद्धा, अशक्त तथा अपाङ्गता भएका नागरिकहरुलाई स्वतन्त्र मतदानका लागि सहयोग उपलब्ध हुन्छ ।



दृष्टिविहिन, अपाङ्ग, अशक्त, वृद्धवृद्धा, आफैले मतसङकेत गरी मतदान गर्न नसक्ने मतदाताले आफूले पत्याएको कुनै व्यक्तिलाई (राजनीतिक दलका प्रतिनिधि वा उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधि बाहेक) आफूसँग मतदान केन्द्र भित्र लैजान अनुमति मागेमा मतदान अधिकृतले त्यस्तो व्यक्तिलाई मतदाताका साथमा मतसङकेत गर्ने गोप्य स्थानमा प्रवेश गर्ने अनुमति दिनुपर्दछ । यदि त्यस्तो पत्यारिलो व्यक्ति नभएमा र मतदान अधिकृतसँग सहयोग मागेमा मतदान अधिकृत आफै वा सहायक मतदान अधिकृतले सो मतदाताको इच्छा अनुसार मतसङ्केत गर्ने काममा सहयोग गर्नुपर्दछ ।

## ७.७ विद्युतीय मतदान यन्त्रबाट मतदान प्रक्रिया




निर्वाचनलाई सहज र सरल बनाउनका लागि निर्वाचनमा प्रविधिको प्रयोग बढ्दै गएको परिप्रेक्ष्यमा विश्वका थुप्रै मुलुकमा मतपत्रको सट्टा विद्युतीय मतदान उपकरण (Electronic Voting Machine) को प्रयोग भइरहेको छ । यस सन्दर्भमा निर्वाचन आयोगले नेपालमा पहिलो पटक सम्वत् २०६४ साल चैत २८ गते सम्पन्न संविधानसभा सदस्यको निर्वाचनमा काठमाडौं जिल्ला, निर्वाचन क्षेत्र नं. १ मा विद्युतीय मतदान उपकरण प्रयोग गरी सफलतापूर्वक निर्वाचन सम्पन्न गरिसकेको छ। त्यसैगरी आयोगले सम्वत् २०६५ साल चैत २८ गते सम्पन्न संविधानसभा सदस्य उपनिर्वाचनमा विभिन्न ६ वटा निर्वाचन क्षेत्रमा विद्युतीय मतदान उपकरण (Electronic Voting Machine - EVM) को प्रयोग गरी सफलतापूर्वक निर्वाचन सम्पन्न गरिसकेको छ ।

### विद्युतीय मतदान यन्त्रबाट मतदान गर्ने तरिका

(१) विद्युतीय मतदान उपकरणमा निम्न दुई वटा इकाईहरू हुन्छन् :-

अ) मतदान इकाई (Ballot Unit)

आ) नियन्त्रण इकाई (Control Unit)


(२) मतदाताले क्रमैसँग मतदाता नामावली रूजु गर्ने कर्मचारीसँग नाम रूजु गराई मतदान अनुमति पत्र (स्लिप) लिन्छन्, त्यसपछि नङ्मा मसी लगाइन्छ र त्यो स्लिप control unit सञ्चालन गर्ने कर्मचारीलाई दिन्छन् । Control unit सञ्चालन गर्ने कर्मचारीले Ballot Button थिचेपछि मतदाताले गोप्य मतदान कक्षमा गई Ballot Unit मा आफूलाई मन परेको उम्मेदवारको चिन्हको सिधा रहेको हल्का निलो बटनमा थिच्नुपर्छ । यसरी थिचेपछि टीई....ई..ई..आवाज (Beep sound) आउँदछ । यो आवाज नै मत राम्रोसँग खस्यो भनी जनाउने आवाज हो ।

**अनुसूची १ : नेपालमा हालसम्म सम्पन्न भएका निर्वाचनहरू**

| सि.नं | निर्वाचन | निर्वाचन भएको मिति |
|---|---|---|
| १. | काठमाण्डौ नगरपालिकाको निर्वाचन (म्युनिसिपालिटि) | २००४ |
| २. | प्रतिनिधिसभा सदस्य निर्वाचन (पहिलो आम निर्वाचन) | २०१५, फागुन ७ गतेबाट सुरु भई बैशाख २१ मा सम्पन्न |
| ३. | राष्ट्रिय जनमत सङग्रह | २०३७, बैशाख २० गते |
| ४. | राष्ट्रिय पञ्चायत सदस्यको निर्वाचन (आम निर्वाचन) | २०३८, बैशाख २७ गते |
| ५. | राष्ट्रिय पञ्चायत सदस्यको निर्वाचन (आम निर्वाचन) | २०४३, बैशाख २९, जेठ ५ र १२ गते |
| ६. | प्रनिनिधिसभा सदस्य निर्वाचन<br>उप-निर्वाचन (२ क्षेत्रका लागि)<br>उप-निर्वाचन (२ क्षेत्रका लागि) | २०४८, बैशाख २९ गते<br>२०४८, माघ २६ गते<br>२०५०, माघ २५ गते |
| ७. | स्थानीय निकाय निर्वाचन | २०४९, जेष्ठ १५ र १८ गते |
| ८. | प्रतिनिधिसभा सदस्य निर्वाचन | २०५१, कार्त्तिक २९ गते |
| ९. | स्थानीय निकाय निर्वाचन | २०५४, जेष्ठ ४ र १३ गते |
| १०. | प्रतिनिधिसभा सदस्य निर्वाचन<br>उप-निर्वाचन (३ क्षेत्रका लागि) | २०५६, बैशाख २० र जेठ ३ गते<br>२०५६, मंसिर २३ गते |
| ११. | स्थानीय निकाय निर्वाचन (नगरपालिका) | २०६२, माघ २६ गते |
| १२. | संविधानसभा सदस्य निर्वाचन, २०६४<br>उप-निर्वाचन (६ क्षेत्रका लागि) | २०६४, चैत्र २८ गते<br>२०६५, चैत्र २८ गते |
| १३. | अर्को संविधानसभा सदस्य निर्वाचन, २०७० | २०७०, मंसिर ४ गते |
| १४ | अर्को संविधानसभा सदस्य उपनिर्वाचन, २०७० (४ निर्वाचन क्षेत्रका लागि) | २०७१ असार ८ गते |
| १५ | अर्को संविधानसभा सदस्य उपनिर्वाचन, २०७१ (१ निर्वाचन क्षेत्रका लागि) | २०७१ चैत्र २८ गते |

## अनुसूची २: मतदान केन्द्र तथा मतदान स्थल

मतदान केन्द्र




मतदान स्थल




# NEPAL **CONSTITUENT ASSEMBLY ELECTION 2008** HIGHLIGHTS

**Election Date** — **10 April, 2008 (28 Chaitra, 2064)**

**Time** — **07:00 AM - 05:00 PM**

**Election System** — **Mixed (FPTP & PR)**




**Voters Turnout** — **63.29%**

| | |
|---|---|
| FPTP | 61.70% (5.15% Invalid Votes) |
| PR | 63.29% (6.36% Invalid Votes) |

Historical Voters Turnout (in %)




**Total Voters** — **17.61 million**

8,881,359 (50.42%) Male

8,730,473 (49.57%) Female

**Staffs Deployed** — **234,000**

**Total Consituencies** — **240**

**Polling Locations** — **9,824**

**Polling Centers** — **20,890**

**Registered Parties** — **74**


Participated — 54


**Election Observations** — **178 Organizations**

Domestic — 148

International — 30

**Total Elected Candidates** — **575**




Map showing nation wide polling locations

# NEPAL **CONSTITUENT ASSEMBLY ELECTION 2013** HIGHLIGHTS

**Election Date** — **19 November, 2013**
**04 Mangsir, 2070**

**Time** — **07:00 AM - 05:00 PM**


**Election System** — **Mixed (FPTP & PR-Parallel)**




**Voters Turnout**

| | Turnout % | Invalid Votes % |
|---|---|---|
| **FPTP** | 78.34 | 4.96 |
| **PR** | 79.82 | 3.20 |

Historical Voters Turnout (in %)




**Total Voters** — **12.14 million**

5,980,881 (49.02%) Male

6,166,829 (50.77%) Female


155 (0.21%) Third Gender

**Staffs Deployed** — **250,000**

**Total Consituencies** — **240**

**Polling Locations** — **10,013**

**Polling Centers** — **18,438**



Map showing
nation wide polling locations

120 polling locations managed by women staff

**Registered Parties** — **130**

Participated — 122

**Election Observations** — **57 Groups**

Domestic — 54 Groups


International — 03 Groups

[ Carter Centre, ANFREL, EUEOM ]

**Total Candidates** — **16,835**

**FPTP Candidates**
Male: 5458
Female: 667
Thrid Gender: 1

**FPTP Winners**
Male: 230
Female: 10




**PR Candidates**
Male: 5418
Female: 5291

**PR Winners**
Male: 173
Female: 162

Overall Female Candidacy 35.39%

Supported by
**Electoral Support Project**

European Union

UKaid from the British people

UNDP
Empowered lives.
Resilient nations.